Aarthik Dainik Pvt.Ltd.

Economic National Daily

# आर्थिक

राष्ट्रिय दैनिक




◆ वर्ष १३ ◆ अङ्क ३८७९ ◆ २०७९ पुस १४ गते बिहीबार ◆ ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆ Thursday, December 29, 2022 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

## देशको कुल आम्दानीभन्दा चालू खर्च धेरै

# आम्दानीभन्दा १ खर्ब ३२ अर्ब बढी खर्च

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३




देशको कुल आम्दानीभन्दा पनि चालू खर्च बढी भएको छ । सबै शीर्षकको कर संकलनबाट सरकारका तीनवटा शीर्षकमा हुने खर्चमध्ये एउटा शीर्षकको खर्च अर्थात् चालू खर्च पनि धान्न नसकेको सरकारी तथ्यांकले नै देखाएको हो । यसले सरकारी खर्चमा चाप परेको र राजस्व संकलनको अवस्था दयनीय बन्दै गएको प्रस्ट भएको छ ।

सरकारले गर्ने खर्चहरू चालू, पुँजीगत र वित्तीय व्यवस्थापन शीर्षकमा हुने गर्छ भने कर, गैरकर, ग्रान्ट र अन्य बीजकको आयलाई आम्दानीमा समावेश गर्ने सरकारी सिस्टम छ । तर, सबै शीर्षकको आम्दानीभन्दा पनि चालू खर्च बढी भएको छ । साउनदेखि पुस १२ गते मंगलबारसम्मको सवा पाँच महिनाको अवधिमा चालूतर्फ तीन खर्ब ७८ अर्ब ७९ करोड ७१ लाख रूपैयाँ भएको छ । चालू खर्चको अतिरिक्त यो सवा पाँच महिनाको अवधिमा पुँजीगततर्फ पनि ४० अर्ब ४१ करोड १२ लाख र वित्तीय व्यवस्थापनतर्फ ५९ अर्ब ९६ करोड ६८ लाख गरी कुल खर्च चार खर्ब ७९ अर्ब १७ करोड ५१ लाख रूपैयाँ भएको छ । आम्दानी भने तीन खर्ब ४६ अर्ब ४४ करोड रूपैयाँ मात्र भएको छ ।

समग्रमा कुल आम्दानीभन्दा कुल खर्च एक खर्ब ३२ अर्ब ७३ करोड ५१ लाख भएको छ । राजस्व संकलनमा धक्का लागेको कारण पुस मसान्तसम्म खर्च र आम्दानीको अन्तर अझै ठूलो हुने देखिन्छ । चुनावपछि विकास निर्माणको कामले गति लिएको छ भने चुनावअघि भएका कतिपय विकास निर्माणको कामको भुक्तानी पनि अहिले हुने भएको कारण खर्चको आकार अझै ठूलो हुने अर्थ मन्त्रालयको अनुमान छ । मंसिर मसान्तसम्म भएको आयातमा प्रतिबन्ध, स्वदेशभित्र माग कमलगायतका कारण आम्दानी अझै घट्ने देखिन्छ । यसले अर्थतन्त्रमा थप चाप पर्नेछ ।

साउनदेखि पुस १२ गतेसम्मको अवधिमा कर राजस्व तीन खर्ब १९ अर्ब ५५ करोड ५० लाख, गैरकर राजस्व २६ अर्ब ८८ करोड ५० लाख, ग्रान्ट तीन अर्ब ४१ करोड ५९ लाख र अन्य आम्दानी २७ अर्ब ८१ करोड एक लाख मात्र भएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार तलब, भत्ता, दैनिक प्रशासनिकलगायतका शीर्षकमा हुने चालू खर्च अझै बढ्नेछ । यद्यपि संघ सरकारले प्रदेश र स्थानीय तहमा पठाएको चार खर्ब २९ अर्ब ८३ करोड रूपैयाँ भने चालू खर्च शीर्षकमा समावेश गरे पनि त्यो सबै पैसा चालू शीर्षकमा मात्र खर्च नभई पुँजीगत खर्च पनि हुन्छ । तर, प्रदेश र स्थानीय तहमा पनि संघमा जस्तै वास्तविक पुँजीगत खर्च न्यून नै भएको कारण अहिलेसम्म चालू खर्चले कुल आम्दानी धान्न नसकेको हो । 'राजस्व संकलन भए पनि नभए पनि चालू खर्च रोक्न सकिँदैन', अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'यही गतिले खर्च बढ्ने र आम्दानीका स्रोतहरू सुक्दै जाने हो भने देशको अर्थतन्त्र टाट उल्टिन धेरै समय लाग्दैन । नेपालले वैदेशिक मुद्रा आम्दानी गर्ने स्रोत नै सीमित छ त्यो पनि भरपर्दो नभएको कारण आर्थिक अवस्था थप कमजोर बन्ने देखिन्छ ।

नेपालको आफ्नै कुनै टिपिकल नेपाली भूमिमै उत्पादन भएको वस्तु विदेश निर्यात भएर विदेशी मुद्रा आम्दानी गर्ने स्रोत नै छैन । 'अहिले विदेशबाट कच्चा पदार्थ ल्याएर सामान उत्पादन गरेर हुने बिक्री, अर्को देशबाट ल्याएर फेरि विदेशमै बिक्री गर्ने गरेको पाम आयलले केही आम्दानी गरेको देखिए पनि यो कुनै भरपर्दो स्रोत होइन', अर्थका अर्का एक अधिकारीले भने, 'पर्यटन उद्योग पनि फस्टाएको छैन भने वैदेशिक रोजगारी पनि भरपर्दो हुनसकेको छैन । त्यसैले नेपालको अर्थतन्त्र आगामी दिनमा थप कमजोर बन्ने पक्का छ ।'

जुनसुकै देशले पनि वैदेशिक मुद्रा आम्दानीका लागि केही न केही वस्तु विदेश निर्यात गरेका हुन्छन् । तर, नेपालले कुनै पनि आफ्ना उत्पादन विदेश निर्यात गर्न नसकेको कारण अर्थतन्त्र थप कमजोर बन्दै गएको हो । तर, जतिसुकै कमजोर आर्थिक अवस्था भए पनि सञ्चित भएको वैदेशिक मुद्राबाट पेट्रोलियम पदार्थ, खाद्यान्न, औषधि, औद्योगिक कच्चा पदार्थ, मेसिनरी सामानहरू खरिद गर्नैपर्छ । आम्दानी कम र खर्च बढी भएको कारण यसलाई सुधार गर्न सरकारले अनावश्यक वस्तुहरूको आयामा निर्मम तरिकाले कदम चाल्नैपर्छ । 'लेज, कुरकुरे, चकलेट, मदिरा, अन्य पेय पदार्थ नेपालमा आयात गर्न आवश्यक नै छैन', अर्थ मन्त्रालय एक उपसचिवले भने, 'हाम्रो दैनिक जीविकोपार्जन गर्नेबाहेक अन्य फजुल खर्च बढाउने खाद्य तथा गैरखाद्य वस्तु आयातमा प्रतिबन्ध नलगाएसम्म सही बाटो लिन सकिँदैन ।'

सामान्यतया नेपालले तीनवटा खर्च शीर्षकमा आफ्नो खर्चको रेकर्ड राख्ने गरेको छ । त्यसमा सबैभन्दा बढी चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थापन खर्च हुन् । तलब, भत्ता, दैनिक प्रशासनिक खर्चलगायतका खर्च चालू खर्च शीर्षकमा खर्च हुन्छ भने पुँजी निर्माणका लागि हुने खर्च पुँजीगत खर्च शीर्षकमा खर्च हुन्छ । पुँजीगततर्फ विकास निर्माणमा हुने खर्च पनि समावेश हुन्छ । यद्यपि नेपालमा अहिलेसम्म विकास खर्चलाई भिन्नै देखाउने गरिएको छैन । पुँजीगत खर्चभित्रै विकास खर्च पनि समावेश गर्ने गरिएको छ । विकास खर्च भिन्नै देखाउने व्यवस्था गरियो भने चालू तथा पुँजीगत शीर्षकबाट कति विकास खर्च गर्न सकियो भन्ने स्पष्ट चित्र आउने थियो । संघ सरकारले प्रदेश र स्थानीय तहमा पठाएको बजेटलाई चालू खर्चमा राख्ने गरेको छ । तर, उक्त रकममध्ये कतिपय रकम प्रदेश र स्थानीय तहले पुँजीगत शीर्षकमा पनि खर्च गर्छन् । त्यही भएर महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक गर्ने चालू खर्च वास्तविक खर्च होइन भने पुँजीगततर्फ हुने खर्च पनि सबै विकास खर्च होइन ।

सरकारले चालू आर्थिक वर्ष २०७९/०८० को लागि

➤ बाँकी पृष्ठ २ मा

# कर्जामा सधैँ पहुँचवालाकै पहुँच

■ सुरेश राउत
काठमाडौं, पुस १३

नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रलाई समावेशी र सबैको पहुँचमा पुगेको भन्दै आए पनि कर्जामा भने सधैँ पहुँचवालाकै पहुँच हुने गरेको देखिएको छ । बैंक तथा फाइनान्स कम्पनीहरूको समग्र वित्तीय अवस्थासम्बन्धी नेपाल राष्ट्र बैंकको पछिल्लो चार महिनाको विस्तृत प्रतिवेदनअनुसार निक्षेप तथा कर्जा खाताको बीचमा देखिएको ठूलो खाडलले पनि कर्जामा पहुँचवालाकै पहुँच हुने गरेको देखिएको हो ।

प्रतिवेदनअनुसार तीन करोड जनसंख्या भएको नेपालमा अहिले कुल कर्जा खाताको संख्या चार करोड ७४ लाख दुई सय ४४ वटा रहेको छ । नेपालमा अहिले २६ वटा वाणिज्य बैंक, क्षेत्रीय तथा राष्ट्रियस्तरका समेत गरी १७ वटा विकास बैंक, १७ वटा फाइनान्स कम्पनी र ६४ वटा लघुवित्त वित्तीय संस्थासहितका एक सय २४ वटा बैंक तथा फाइनान्स कम्पनीहरू सञ्चालनमा रहेका छन् ।

पूर्वाधार विकास बैंक भने फरक उद्देश्यका लागि सञ्चालनमा आएको हुँदा यो सूचीमा पूर्वाधार विकास बैंकलाई समावेश गरिएको छैन । बैंकिङ क्षेत्रमा हाल कायम रहेको चार करोड ७४ लाख निक्षेप खाता भनेको लघुवित्त वित्तीय संस्थाबाहेक अर्थात् वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूको मात्र हो । राष्ट्र बैंकका अनुसार यी सबै खातामार्फत अहिले वित्तीय प्रणालीमा जम्मा भएको कुल निक्षेप रकम ५१ खर्ब ८२ अर्ब ५४ करोड ८० लाख रूपैयाँ रहेको छ ।

यसरी चार करोड ७४ लाखवटा निक्षेप खातामार्फत जम्मा भएको कुल ५१ खर्ब ८२ अर्ब रूपैयाँ निक्षेप कर्जाको रूपमा प्रयोग गर्नको लागि भने जम्मा १८ लाख २७ हजार पाँच सय ६६ वटा कर्जा खाता प्रयोग हुनुले पनि नेपालको कर्जा क्षेत्रमा पहुँचवालाकै पहुँच हुने गरेको देखिएको हो । राष्ट्र बैंकका अनुसार अहिले बैंक तथा फाइनान्स कम्पनीहरूले १८ लाख २७ हजार पाँच सय ६६ वटा कर्जा खातामार्फत प्रवाह गरेको कुल कर्जा रकम ४७ खर्ब ८३ अर्ब ४२ करोड ७० लाख रूपैयाँ रहेको छ ।

यसमा पनि वाणिज्य बैंकहरूले मात्र भने कुल १४ लाख ९५ हजार सात सय ८१ वटा कर्जा खातामार्फत ४२ खर्ब ३३ अर्ब ३२ करोड ७० लाख रूपैयाँ कर्जा प्रवाह गरेका छन् । राष्ट्र बैंकका अनुसार चालू आवको पछिल्लो चार महिनामा वाणिज्य बैंकहरूले कुल चार करोड आठ लाख ६१ हजार छ सय २१ वटा निक्षेप खातामार्फत ४५ खर्ब ५९ अर्ब ९० हजार रूपैयाँ निक्षेप संकलन गरेको देखिएको छ ।

विकास बैंकहरूले भने चालू आवको पछिल्लो चार महिनाको अवधिमा दुई लाख ९० हजार एक सय ९८ वटा कर्जा खातामार्फत कुल चार खर्ब ५८ अर्ब पाँच करोड ७० लाख रूपैयाँ कर्जा प्रवाह गरेका छन् । यस अवधिमा विकास बैंकहरूले ५८ लाख ४० हजार नौ सय ५० वटा निक्षेप खातामार्फत कुल पाँच खर्ब १८ अर्ब ३६ करोड ८० लाख रूपैयाँ निक्षेप संकलन गरेका छन् । राष्ट्र बैंकका अनुसार फाइनान्स कम्पनीहरूले भने चालू आवको पछिल्लो चार महिनामा ४१ हजार पाँच सय ८७ वटा कर्जा खातामार्फत कुल ९२ अर्ब चार करोड ३० लाख रूपैयाँ कर्जा प्रवाह गरेका छन् । यस अवधिमा फाइनान्सहरूले छ लाख ९७ हजार छ सय ७३ वटा निक्षेप खातामार्फत एक खर्ब पाँच अर्ब १७ करोड १० लाख रूपैयाँ निक्षेप संकलन गरेको राष्ट्र बैंकले जनाएको छ ।

**बैंकिङ क्षेत्रमा रहेको रकम र खाता संख्या (रु. १० लाखमा, खाता संख्यामा)**

| विवरण | निक्षेप रकम | निक्षेप खाता संख्या | कर्जा रकम | कर्जा खाता संख्या |
|---|---|---|---|---|
| वाणिज्य बैंक | ४५५९००९ | ४०८६१६२१ | ४२३३३२७ | १४९५७८१ |
| विकास बैंक | ५१८३६८ | ५८४०९५० | ४५८०५७ | २९०१९८ |
| फाइनान्स | १०५१७१ | ६९७६७३ | ९२०४३ | ४१५८७ |
| कुल | ५१८२५४८ | ४७४००२४४ | ४७८३४२७ | १८२७५६६ |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## *आज ५० अर्बको रिपो*

*काठमाडौं, पुस १३ । नेपाल राष्ट्र बैंकले आज बिहीबार ५० अर्ब रूपैयाँबराबरको रिपो जारी गर्ने भएको छ । वित्तीय प्रणालीमा देखिएको तरलता अभावको समस्याइ केही हदसम्म सम्बोधन गर्नको लागि राष्ट्र बैंकले रिपो जारी गर्न लागेको हो । रिपोको परिपक्व हुने अवधि ४५ दिन अर्थात् २०७९ माघ २९ गते तोकिएको छ ।*

*राष्ट्र बैंकका अनुसार रिपो खरिदको लागि वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूले भाग लिन सक्नेछन् । रिपो वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव भएको अवस्थामा वित्तीय प्रणालीमा लगानीयोग्य रकम पठाउने मौद्रिक उपकरण हो ।*

इ–पेपर हेर्नको लागि

# सूर्यज्योति लाइफलाई कारबाही गर्न अख्तियारको निर्देशन

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

भ्रष्टाचारसम्बन्धी संवैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक आर्थिक वर्षको वित्तीय विवरण नै पारित नगरी मर्जर सम्पन्न गरी एकीकृत कारोबार गरेको सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीलाई कारबाही गर्न लिखित निर्देशन दिएको छ ।

आयोगमा परेको एक उजुरी अध्ययन गर्दा साबिक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी र ज्योति लाइफ इन्स्योरेन्स कम्पनीले आव २०७८।०७९ को लेखा परीक्षण र वित्तीय विवरण नै तयार नगरी यही पुस ७ गतेबाट एकीकृत कारोबार गरेकोले कारबाही गर्न नेपाल बीमा प्राधिकरणलाई लिखित पत्राचार गरेको हो । अब सो सम्बन्धमा नियामक निकाय बीमा प्राधिकरण आफैँले कानुनबमोजिम कारबाही गर्नुपर्ने भएको छ । के कारबाही गर्ने भन्ने विषयमा भने अन्योल सिर्जना भएको बीमा प्राधिकरणका कर्मचारीहरू बताउँछन् ।

नेपाल बीमा प्राधिकरणका एक अधिकारीले सूर्यज्योति लाइफलाई आवश्यक प्रक्रिया पूरा नगरी मर्जरमा गई एकीकृत कारोबार सुरू गरेको सम्बन्धमा कारबाही गर्न निर्देशन दिएको पुष्टि गरेका छन् । बीमा प्राधिकरण स्रोतका अनुसार के कस्तो कारबाही गर्ने भन्ने सम्बन्धमा छलफलपश्चात् निर्णय हुनेछ ।

के हो घटना ?

मर्जर प्रक्रियामा रहेका ज्योति लाइफ र सूर्या लाइफले एक आर्थिक वर्षको लेखा परीक्षण नै नगरी एकीकृत कारोबार सुरू गरेका थिए । सूर्या लाइफ र ज्योति लाइफ दुवै कम्पनीले आव २०७७।०७८ सम्मको मात्रै वार्षिक वित्तीय विवरण पारित गराई मर्जरमा गएका हुन् । दुवैको आव २०७८।०७९ को लेखा परीक्षण गरिएको छैन । उक्त आवको लेखा परीक्षण अब नयाँ बनेको सूर्यज्योति लाइफ इन्स्योरेन्सको सञ्चालक समितिले पारित गर्ने बताइएको छ । तर, जुन कम्पनी हो सोही कम्पनीका सञ्चालकहरू सम्मिलित वार्षिक साधारणसभाबाट मात्रै वित्तीय विवरण पारित गर्नुपर्ने विद्यमान कानुनी व्यवस्था छ ।

मंसिर २८ गते अख्तियारमा दर्ता भएको सी

➤ बाँकी पृष्ठ २ मा

SuryaJyoti
जीवनको लागि




## सीआईबीद्वारा बैंकिङ कसुर मुद्दाका दुई जना फरार प्रतिवादी पक्राउ



काठमाडौं, पुस १३ । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बैंकिङ कसुर मुद्दाका दुई जना फरार प्रतिवादीहरू पक्राउ परेका छन् । सीआईबीका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक कमल थापाका अनुसार बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी वीरगञ्ज महानगरपालिका–९ रानीघाट बस्ने

➤ बाँकी पृष्ठ २ मा

# फेरि ओरालो लाग्यो सेयरबजार
## दुई अर्ब १५ करोड रुपैयाँको कारोबार

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

सेयरबजार परिसूचक पुन ओरालो लागेको छ । अघिल्लो दुई कार्यदिन लगातार उच्च अंकले बढेको सेयरबजार परिसूचक साताको चौथो कारोबार दिन बुधबार भने दोहोरो अंकले घटेको छ । अघिल्लो दिन झण्डै ६० अंकले उकालो लागेको बजार परिसूचक यस दिन ११ दशमलव ८१ अंकले ओरालो लागेर १९ सय ७२ दशमलव १५ विन्दुमा झरेको छ । यसैगरी क वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि चार दशमलव ७२ अंकले ओरालो लागेर तीन सय ८१ दशमलव ३२ विन्दुमा झरेको छ । यस दिन १३ वटा उपसमूहहरूअन्तर्गत दुई सय ५७ वटा कम्पनीहरूको ३९ हजार छ सय ६० पटक सेयर कारोबार भएको छ । जसबाट ६५ लाख ३० हजार चार सय १५ कित्ता सेयर खरिदबिक्री हुँदा कुल कारोबार रकम दुई अर्ब १५ करोड ३५ लाख ४७ हजार दुई सय सात रूपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा यस दिन कारोबार भएका कुल उपसमूहहरूमध्ये पाँचवटा उपसमूहहरूको सूचक उकालो लागेर बाँकी उपसमूहको सूचक ओरालो लागेका छन् । जसमध्ये फाइनान्स उपसमूहको सूचक तीन दशमलव ९३ अंकले उकालो लागेर १६ सय २७ दशमलव ६९ विन्दुमा चढेकोमा जलविद्युत् उपसमूहको सूचक १५ दशमलव १८ अंकले उकालो लागेर २१ सय ४९ दशमलव ८३ विन्दुमा चढेको छ । जीवन बीमा उपसमूहको सूचक पनि पाँच दशमलव २४ अंकले उकालो लागेर नौ हजार छ सय ९६ दशमलव १६ विन्दुमा चढेकोमा निर्जीवन बीमा उपसमूहको सूचक पनि नौ दशमलव ८० अंकले उकालो लागेर सात हजार नौ सय ४६ दशमलव २३ विन्दुमा चढेको छ । यसैगरी सामूहिक लगानी कोष उपसमूहको सूचक पनि शून्य दशमलव शून्य एक विन्दुले उकालो लागेको छ । वाणिज्य बैंक उपसमूहको सूचक भने यस दिन १३ दशमलव ४४ अंकले ओरालो लागेर १३ सय ४१

➤ बाँकी पृष्ठ २ मा

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔँ ।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔँ,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।**



नेपाल सरकार
विज्ञापन बोर्ड

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको सिराहा शाखामा बचत तथा मुद्दती खाता खोली कारोबार गर्दै आउनु भएका संतोषी देवी घिडियाको मिति २०७९/०७/१६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान श्री राजन कुमार घिडियाबाट मिति २०७९/०८/०८ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सिराहामा हकदाबी गर्न आउनुहोला । सो म्याद भित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको सुलिकोट शाखा, गोरखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका दिपक नेपालीको मिति २०७९/०५/०४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती बिनिता नेपालीबाट मिति २०७९/०८/२० मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सुलिकोटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको रुकुम शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका जय बहादुर पुनको मिति २०७६/०३/०३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती चुके देवी पुन बाट मिति २०७९/०९/०६ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, रुकुममा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको डडेल्धुरा शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका भक्त वहादुर साउदको मिति २०७९/०५/०८ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी भुवनी साउदबाट मिति २०७९/०७/३० मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, डडेल्धुरामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको सिराहा शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका खुशिलाल यादबको मिति २०७४/०८/०४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती करियाही यादबनीबाट मिति २०७९/०५/२२ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सिराहामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## आम्दानीभन्दा...

चालूतर्फ कुल ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख रूपैयाँ विनियोजन गरेको छ । उक्त विनियोजित चालू खर्चमध्ये प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार खर्ब २९ अर्ब ८३ करोड र संघमा चालूतर्फ सात खर्ब ५३ अर्ब ४० करोड छुट्याएको छ ।

## सूर्य...

०२९७२७ नम्बरको उजुरीमा सूर्या लाइफ र ज्योति लाइफले धितोपत्र बोर्डको नियमविपरीत तथा वित्तीय मूल्य मान्यताविपरीत आव २०७८।०७९ को लेखा परीक्षण समेत नगराई, वित्तीय विवरण नै तयार नगरी तथा बीमांकीय मूल्यांकन समेत नगरी मर्जरमा जान लागेको भन्दै उजुरी परेको थियो ।

आयोगमा दर्ता गरिएको उजुरीमा सार्वजनिक निकाय भनेर चिनिएको क्षेत्रको नियमन गर्ने सरकारी निकायबाट नियामकीय दायित्व पूरा नगरी, कानुनको कार्यान्वयन नगरी, सार्वजनिक जनताको हरहिसाब एकीन नभई मर्जरमा जान अनुमति दिइएको उल्लेख छ ।

एक आर्थिक वर्षको लेखा परीक्षण नै नगरी मर्जरमा जान लागेको भन्दै परेको उजुरीमाथि आयोगले एक्सन लिएपछि अब के गर्ने भन्ने विषयमा बीमा प्राधिकरणमा अन्योल सुरू भएको छ भने सेबोन पनि अब के गर्ने भन्ने अन्योलमै छ । दुवै कम्पनीले एकीकृत कारोबार सुरू गरिसकेको, एक आवको वित्तीय विवरण नै पारित नभएको अवस्थामा कसरी समाधान गर्ने ? 'कुन बोर्डलाई उक्त आवको वित्तीय विवरण पारित गर्नु भन्ने ?' अर्को अन्योल थपिएको बीमा प्राधिकरणका एक अधिकारीले बताए ।

## सीआईबीद्वारा...

३५ वर्षीय अनिल कुमार ब्याहुत र झापा घर भई भक्तपुर चाँगुनारायण बस्ने ५० वर्षीय पुष्पराज पनेरूलाई बुधबार पक्राउ गरिएको हो ।

प्रहरी उपरीक्षक थापाका अनुसार बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनको २०७९ असार ६ गते र २०७९ भदौ ६ गतेको फैसलाले अनिललाई नौ दिन कैद र ३० लाख रूपैयाँ जरिवाना र २०७९ असार २८ गतेको फैसलाले पुष्पराजलाई तीन दिन कैद र छ लाख ७० हजार रूपैयाँ जरिवाना ठहर भएको थियो । फैसलापछि फरार रहेका अनिल कुमारलाई पर्सा, वीरगञ्ज मुरलीचोकबाट र पुष्पराजलाई भक्तपुर चाँगुनारायणबाट केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्जबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । फैसला कार्यान्वयनका लागि अनिल कुमारलाई जिल्ला अदालत चितवन र पुष्पराजलाई जिल्ला अदालत काठमाडौंमा पेश गरिएको प्रहरी उपरीक्षक थापाले बताए ।

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको चंखेली शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका/भएकी जयरुद्र चौलागाईको मिति २०७९/०६/२४ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती धर्मकला चौलागाईबाट मिति २०७९/०८/१६ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, चंखेलीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको सूर्यविनायक शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी सरिता राईको मिति २०७९/०३/१५ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान् जयराम राईबाट मिति २०७९/०८/२९ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सूर्यविनायकमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको अर्घाखाँची शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका टुमलाल चुदालीको मिति २०७८/१२/२३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती कमला चुदालीबाट मिति २०७९/०९/०७ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, अर्घाखाँचीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको चाबहिल शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका टसी ग्याल्बो लामाको मिति २०७९/०७/१० मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकी श्रीमती पदम कली महतबाट मिति २०७९/०८/१८ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, चाबहिलमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय फोन नं.: ०१-४२२८६७१/४२२६२४७ ग्लोबल कनेक्ट : ०१-५९७०६०० [ICRANP-IR] A रेटिङ प्राप्त

## सनराइज बैंक लिमिटेड
## शाखा कार्यालय, बानियाटार

### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

**श्री डुल बहादुर थापाको छोरी, श्री रामकृष्ण थापाको श्रीमती, ३ नं. प्रदेश, नुवाकोट जिल्ला, पञ्चकन्या गा.पा. वडा नं. ३ बस्ने नानीमैया थापाको मिति २०७७/०८/०७ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय बानियाटारमा रहेको खाता नं. ०४३१०२९०५४३०१४ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमान रामकृष्ण थापाले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।**

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै

प्रधान कार्यालय तथा मुख्य शाखा: सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बर: १६६००१२२४४४, फोन: ४००४५६०-६४, फ्याक्स: +९७७-१-४४२२४७५, इमेल: info@sunrisebank.com.np

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०९/१४

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता कायम रहेको **कोदु डिष्ट्रिब्युटर प्रा.लि.**को मिति २०७९/०८/०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल श्री सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कोदु डिष्ट्रिब्युटर एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** कायम गर्ने स्विकृती प्राप्त भएको हुँदा सरोकारवाला वा सम्पूर्ण सर्वसाधारणहरूको जानकारीका लागि यो सुचना प्रकाशित गरीएको छ ।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
## नेपाल पानी जहाज कार्यालय
**एकान्तकुना, ललितपुर**

### प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०७९।०९।१४)

यस कार्यालयबाट मिति २०७९।०७।१७ गते प्रकाशित सूचना अनुसार Detailed Feasibility Study of Navigation along Sunkoshi River सम्बन्धी परामर्शसेवाका लागि दर्ता भएका प्राविधिक र आर्थिक प्रस्तावहरु मुल्यांकनका क्रममा प्रस्तावदाता श्री RITI– TMS–IES JV ले पेश गरेको प्रस्तावले सबै भन्दा बढी अंक प्राप्त गरेकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ को उपदफा २ बमोजिम सम्बन्धित सम्पूर्ण प्रस्तावदाताहरुको जानकारीको लागि प्रस्ताव स्वीकृत गर्ने आशयको यो सूचना प्रकाशित गरिएको छ।

## काठमाण्डौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.
Kathmandu District Multipurpose Co-operative Union Ltd.

### संघको आठौं वार्षिक साधारण सभा बस्ने बारे अत्यन्त जरुरी सूचना !!!

उपर्युक्त सम्बन्धमा यस संघको मिति २०७९/०८/०९ गते बसेको सञ्चालक समितिको निर्णयअनुसार तपसिलको मितिमा संघको ८औं वार्षिक साधारणसभा निम्न प्रस्तावउपर छलफल गरी सम्पन्न गर्ने भएकोले संघमा आबद्धता भएका सबै बहुउद्देश्यीय प्रारम्भिक सदस्य संस्थाहरूमा यो सूचना प्रकाशित गरिएको छ । साथै अनिवार्य उपस्थितिको लागि अनुरोध छ ।

**छलफलका विषयहरु :**

- सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
- लेखा सुपरिवेक्षण तर्फबाट संयोजकज्यूको प्रतिवेदनमाथि छलफल र पारित सम्बन्धमा ।
- आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
- आ.व. २०७९/०८० को लागि वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
- आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारश्रमिक निर्धारण सम्बन्धमा ।
- विनियम संशोधन सम्बन्धमा ।
- साधरणसभाको निर्णयपुस्तिका प्रमाणितको लागि प्रतिनिधि छनोट सम्बन्धमा ।
- आन्तरिक कार्यविधिहरू अद्यावधिक गर्ने सम्बन्धमा ।
- सञ्चालक समितिको रिक्त पदको सम्बन्धमा ।
- विविध ।

**कार्यक्रम :**
**मिति** : २०७९/०९/२९ शुक्रबार
**स्थान** : क्वालिटी ब्यान्क्वेट, बुद्धनगर, काठमाडौं
**समय** : बिहान ठीक ११:०० बजे

**असमर्थताको लागि**
**सम्पर्क नं. : ९८४१६३५००६ /९८४१३५७६६७ / ९८५१०८७७८०/९८६४४७८९३७**

# नेपाली जाली नोटसहित अख्तर पक्राउ



काठमाडौं, पुस १३ । नेपाली जाली नोटसहित एक व्यक्ति पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनका अनुसार बारा जिल्लाको आदर्श कोटवाल गाउँपालिका वडा नं. ५ स्थायी घर भई हाल काठमाडौंको तारकेश्वर नगरपालिका वडा नं ४, रातोपुल बस्ने ४९ वर्षीय पप्पु भन्ने शेख निसम अख्तर पक्राउ परेका हुन् ।

उक्त कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्ण प्रसाद कोइरालाका अनुसार काठमाडौंको तारकेश्वर सानोपुल एरियाको आसपासमा विभिन्न व्यक्तिहरूले नेपाली खोटा मुद्रा बनाई सद्देसरह चल्तीमा ल्याई कारोबार गर्न गरेको भन्ने गोप्य सूचनाको आधारमा अनुसन्धान गर्दा ती व्यक्ति पक्राउ परेका



हुन् ।

सो अनुसार निगरानी गर्दै जाँदा कार्यालयबाट खटिएको प्रहरी टोलीले अख्तरलाई नेपाली जाली नोटसहित मंगलबार काठमाडौंको तारकेश्वर क्षेत्रबाट पक्राउ गरेको हो । पक्राउ परेका अख्तरलाई मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद २२ को मुद्दासम्बन्धी कसुरमा थप अनुसन्धानको लागि प्रहरी वृत्त बालाजुमा पठाइएको सूचना अधिकृत कोइरालाले जानकारी दिएका छन् ।

## फेरि...

दशमलव ३१ विन्दुमा झरेकोमा विकास बैंक उपसमूहको सूचक पनि ३३ दशमलव ९६ अंकले ओरालो लागेर तीन हजार चार सय ८१ दशमलव ८६ विन्दुमा झरेको छ । यसैगरी होटल तथा पर्यटन उपसमूहको सूचक पनि ६२ दशमलव ७४ अंकले ओरालो लागेर २७ सय ९७ दशमलव ७१ विन्दुमा झरेकोमा लघुवित्त उपसमूहको सूचक पनि ४६ दशमलव ४८ अंकले ओरालो लागेर चार हजार तीन सय ७२ दशमलव ६२ विन्दुमा झरेको छ । यीबाहेक उत्पादनमूलक, अन्य र ट्रेडिङ उपसमूहहरूको सूचक पनि क्रमशः १५ दशमलव ४५, पाँच दशमलव ७६ र १५ दशमलव ६९ विन्दुले ओरालो लागेका छन् ।

यस दिन बढी कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको सेन्ट्रल फाइनान्सको सेयर मूल्य १० प्रतिशतले बढेर तीन सय २२ रूपैयाँ ३० पैसा अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको प्रभु लाइफ इन्स्योरेन्स कम्पनीको सेयर मूल्य पनि १० प्रतिशतले बढेर तीन सय ९२ रूपैयाँ ७० पैसामा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक धौलागिरी लघुवित्त वित्तीय संस्था, खप्तड लघुवित्त वित्तीय संस्था आदिको सेयर मूल्य पनि उकालो लागेका छन् । गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको महुली लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य पाँच दशमलव २० प्रतिशतले घटेर एक हजार २० रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको अजोड इन्स्योरेन्स कम्पनीको सेयर मूल्य पनि चार दशमलव छ प्रतिशतले घटेर तीन सय ८५ रूपैयाँ २० पैसा अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक सामुदायिक लघुवित्त वित्तीय संस्था, नाडेप लघुवित्त वित्तीय संस्था आदिको सेयर मूल्य पनि ओरालो लागेका छन् ।

यस दिन कारोबार रकमका आधारमा पहिलो स्थानमा परेको नबिल बैंकको प्रतिकित्ता आठ सय ३४ रूपैयाँ ९० पैसा अन्तिम मूल्यमा आठ करोड ८५ लाख ९१ हजार दुई सय ७४ रूपैयाँको सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको रिडी हाइड्रोपावर कम्पनीको प्रतिकित्ता चार सय ७७ रूपैयाँ अन्तिम मूल्यमा आठ करोड चार लाख ९१ हजार छ सय ४८ रूपैयाँको सेयर किनबेच भएको छ । यीबाहेक अपर तामाकोशी हाइड्रोपावर कम्पनी, हिमालयन डिष्टिलरी प्रालि आदिको पनि बढी रकम कारोबार भएका छन् ।

## मोटरसाइकल हरायो

मेरो निम्न लिखित व्यहोराको मोटरसाईकल मिति २०७९/०९/११ गते राती ८ देखि १० बजेको बिचमा टिचिङ्को पार्किङ स्थलबाट हराएको हुदाँ फेलापार्नुहुने महानुभाबहरूले निम्न ठेगानामा जानकारी गराउन या नजिकको प्रहरीचौकीमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नाम : नमराज बुढाथोकी**
**ठेगाना : शिवपुरी-०४, नुवाकोट**
Engine no: DKXCHK351111
Chasis no: MD2A13EX4HCK81437
Bike no: 02-036pa7690
मोडल : पल्सर 220 F, ABS
फोन : 9851201293, 9849156790
Colours : Sparkle met BIK Red

## Invitation for Sealed Quotation

# PHALGUNANDA RURAL MUNICIPALITY
# OFFICE OF RURAL MUNICIPAL EXECUTIVE

**PHAKTEP, PANCHTHAR**
**PROVINCE NO. 1, NEPAL**
**1st Date of publication: 2022-12-02 (BS 2078-08-16)**
**2nd Date of publication: 2022-12-29 (BS 2078-09-14)**

1. PHALGUNANDA RURAL MUNICIPALITY, OFFICE OF RURAL MUNICIPAL EXECUTIVE, PROVINCE NO.1, NEPAL Invites Sealed Quotation from registered contractors for the following works.

| Contract Identification No: | Description of Works | Estimated Amount (Nrs.) Exclusive of VAT and contingency | Bid Security Amount (Nrs.) with VAT. | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| PRMW/SQ/01/ 2079/80 | Construction of ward No-06 Office Building Works. | 17,67,298.24 | 50,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain Bidding Documents from PPMO egp system www.bolpatra.gov.np/egp. bidders/needs to submit their bid electronically by downloading the bidding document for e-submission from PPMO's e-GP system. Bidders submitting their bid electronically, should deposit the cost of bidding document fee and bid security in the following account as specified below.
   Name of the Bank: - Nepal Investment Bank Ltd. Ranke, Branch.
   Name of Office: - PHALGUNANDA RURAL MUNICIPALITY OFFICE, PHAKTEP, PANCHTHAR.
   Office Account no: - : GA 3.1 (06901400250023 Dharauti Account for Bid Security Amount)
   Rajaswa (Revenue) Account no.:- GA 1.1 (06901400250108For the fee of Bid Document)
3. Sealed Bids must be submitted through PPMO's e-GP system before 12PM on 2079/09/29. Bids received after this deadline will be rejected.
4. The Sealed bid will opened in the presence of bidders representative who chose to attend at the office of Phalgunanda Rural municipality at 1 PM, 2079/09/29.Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid or scanned copy of voucher should be uploaded if deposited in the bank. i.e. 75 days.
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bid will be opened on the next working day at the same time and venue.

**Chief Administrative officer**

# पर्यटन व्यवसायी संघको अध्यक्षमा तिवारी

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

नेपाल पर्यटन विकास व्यवसायी संघको अध्यक्षमा निराजन तिवारी निर्वाचित भएका छन् । काठमाडौँमा सम्पन्न संघको चौथो साधारणसभाले तिवारीलाई अध्यक्षमा निर्वाचित गरेको हो ।

यस्तै संघको उपाध्यक्षमा अच्युत सिग्देल, सचिवमा भागवत सिंखडा, सहसचिवमा अमित वस्ती, कोषाध्यक्षमा भरत प्रसाद तिमिल्सिना तथा सदस्यहरूमा राजु थपलिया, ऋषिराज उपाध्याय, नाती महर्जन र रिदिप श्रेष्ठ निर्वाचित भएका छन् । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले पर्यटन क्षेत्रमा लागि परेका विभिन्न संस्थाको नाम फरक भए पनि उद्देश्य भने एकै रहेकाले सहकार्यमा जोड दिए । आगामी दिनहरूमा पर्यटन प्रवर्द्धनलगायतका




कार्यहरूमा नेपाल पर्यटन विकास व्यवसायी संघसँग सहकार्य रहिरहने उनले बताए । श्रेष्ठले पर्यटन क्षेत्रमा निजी क्षेत्रको महत्वपूर्ण लगानी रहेकाले यसलाई जोगाउन सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा समेत जोड दिए । 'सरकारले पर्यटनमा पनि एग्रो टुरिजम लगायतमा जोड दिनुपर्छ', उनले भने, 'पर्यटनलाई विभिन्न विधामा जोड्न सके यसबाट दिगो विकास सम्भव छ ।' कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका इतिहास संस्कृति तथा पुरातत्व विभागका प्रमुख डा. सोमप्रसाद खतिवडाले पर्यटन व्यवसायी संघसँग मिलेर आफूले नेपालको कला तथा संस्कृति क्षेत्रमा खोजमूलक काम गर्ने बताए ।

# क्यान महासंघमा पोदारको अध्यक्षतामा नयाँ कार्यसमिति चयन




■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

कम्प्युटर एसोसिएन नेपाल महासंघ (क्यान महासंघ)मा रणजित कुमार पोदारको अध्यक्षतामा नयाँ केन्द्रीय कार्यसमिति चयन भएको छ । महासंघको २९औं वार्षिक साधारणसभा एवं १४औं महाधिवेशनले पोदारको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

यसअघि ७४ जिल्ला र सातै प्रदेशका शखा समितिमा अधिवेशन सम्पन्न भएको थियो । नयाँ केन्द्रीय कार्यसमितिका लागि पोदार सर्वसम्मत अध्यक्षमा चुनिएका थिए भने अन्य केही पदमा मतदान गरिएको थियो । महासंघको वरिष्ठ उपाध्यक्षमा खुशल रेग्मी निर्वाचित भएका छन् । त्यस्तै उपाध्यक्षमा संस्थागत समूहबाट राजेन्द्रप्रसाद अर्याल, महिला समूहबाट सरिता सिंह तथा जिल्ला शाखा समूहबाट हर्कबहादुर सेटी र ध्रुवराज शर्मा (सुदिप) निर्वाचित भए । यसैगरि महासंघको महासचिव पदमा चिरञ्जीवी अधिकारी निर्वाचित भए भने कोषाध्यक्ष पदमा नवीन जोशी निर्विरोध चयन भएका छन् । सचिव पदमा सुमनलाल प्रधान (व्यक्तिगत समूह), बुद्धरत्न तुलाधर (संस्थागत समूह) र प्रताप सापकोटा (विषयगत समूह) निर्वाचित भएको छन् । त्यस्तै जिल्ला शाखा समूहबाट सचिव पदमा भुपालदास श्रेष्ठ, नारायणप्रसाद श्रेष्ठ, भूपेन्द्र मैनाली र कर्णराज पनेरू निर्विरोध निर्वाचित भएका थिए ।

सदस्यहरूमा भने विश्वराम बलामी, अग्मा मालाकार, सिर्जना श्रेष्ठ, सुभाष खड्का, विक्रम सिंह, दिव्यतारा शाक्य, निरञ्जन पटेल, केशवप्रसाद भट्टराई, हेमपाल श्रेष्ठ, मिना अर्याल, ठाकुरकुमार श्रेष्ठ, उमेश रघुवंशी, दिपक साह, सरिता न्यौपाने, शेखरनाथ दुलाल, सरूना श्रेष्ठ, चिन्तामणि बास्तोला, तुलसीराम पाण्डे, डा. अभिजीत गुप्ता, दिपेन्द्र पौडेल, मनिराज पाण्डे, राम किशोर रावल, राजु कट्टेल, रीना श्रेष्ठ र भानुभक्त शर्मा चयन भएका छन् । त्यस्तै लेखासमिति संयोजकमा प्रभात श्रेष्ठ तथा लेखासमिति सदस्यद्धयमा हृदयमान श्रेष्ठ र विक्रान्त कार्की चयन भए । नवनिर्वाचित अध्यक्ष पोदारले नयाँ कार्यसमितिले सामूहिक भावना लिएर काम गर्ने बताए । सूचना प्रविधि क्षेत्रमा आबद्ध पेशाकर्मी, विद्यार्थी, व्यवसायी तथा सम्बन्धित निकायसँग समन्वय गरी यस क्षेत्रको उल्लेखनीय विकास गर्न महासंघले पहलकदमी भूमिका खेल्ने उनको भनाइ छ ।

साथै नेपालमा दक्ष सूचना प्रविधि जनशक्ति उत्पादन गर्न विशेष पहल गर्ने, सूचना प्रविधिका स्टार्टअपहरूलाई उद्योगमा रूपान्तरणको निम्ति काम गर्ने, सूचना प्रविधिको व्यवसाय प्रवर्द्धनमा विशेष काम गर्ने, नेपाली समाजलाई सूचना प्रविधिको डिजिटल डिभाइड कम गराउन देशैभर काम गर्ने लगायतका योजनामा आफू नेतृत्वको टिमले काम गर्ने प्रतिबद्धता जनाए ।

# राइजिङ मलमा बिजबजारको मल एक्टिभेसन

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

ई-कमर्स प्लेटफर्म बिजबजारले राइजिङ मलमा मल एक्टिभेसन सञ्चालन गरेको छ । कम्पनीले डिसेम्बर २४ देखि सञ्चालन गरेको मल एक्टिभेसन जनवरी ४ सम्म रहने जनाएको छ ।

बिजबजारका अनुसार सेवाग्राहीहरूका लागि उपलब्ध हुने रोमाञ्चक अफर र छुटहरूको फाइदा उठाउनका लागि यो उत्कृष्ट अवसर हो । साथै यो अवसरमा सेवाग्राहीहरूले बिजबजारको वेबसाइटमा एकाउन्ट दर्ता गरी विभिन्न क्रियाकलापमा




सहभागी भई आकर्षक गिफ्टहरु समेत जित्न सक्ने छन् । योसँगै सेवाग्राहीहरूले पाँच सय रूपैयाँको छुट पनि प्राप्त गर्न सक्नेछन् । मल एक्टिभेसनमा सेवाग्राहीहरु सहभागी भई बिजबजारका विभिन्न ब्रान्ड, अफर साथै अन्य सुविधाको जानकारी लिनसक्ने कम्पनीले जनाएको छ । सेवाग्राहीहरूले गुगल प्ले स्टोर र एप स्टोरमा गएर तुरून्तै र सजिलै बिजबजार अनलाइन सपिङ एप डाउनलोड गर्न सक्नेछन् भने ल्याप-टप वा डेस्क-टपबाट बिजबजारको अनलाइन सपिङ सेवा लिन चाहेमा सिधै कम्पनीको वेबसाइटबाट पनि यो सेवा लिन सकिनेछ ।

# 'अर्थतन्त्र काबुभन्दा बाहिर पुगिसकेको छैन'



■ आर्थिक संवाददाता
काठमाडौं, पुस १३

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रमा समस्या देखिए पनि काबुभन्दा बाहिर गई नसकेको बताएका छन् । खस्किँदो अर्थतन्त्रलाई सावधानीपूर्वक लयमा फर्काउन आफूले प्रयत्न गर्ने उनको भनाइ छ ।

'अर्थतन्त्रको स्थिति काबुबाहिर पुग्यो भन्ने होइन । समस्याहरू धेरै छन् । त्यसमा केही मिसह्याण्डलिङ पक्कै भएको हो । यद्यपि सावधानी रूपमा ठीक ढंगले अघि बढ्यौँ भने हामीले चाँडै सुधार गर्न सक्छौँ', उनले भने । नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को नवनिर्वाचित कार्यसमितसँगको भेटमा उनले अहिले सबैको साझा सरोकार अर्थतन्त्रलाई ठीक ठाउँमा ल्याउने भएकोले अर्थतन्त्रमा रहेका समस्यालाई ठीक ढंगले चिन्ने र यसको उपयुक्त समाधान गर्नुपर्ने बताए । सबल अर्थतन्त्र निर्माणका लागि एक एक इँटा थप्दै जाने काम गर्नुपर्ने भएकाले त्यसका लागि सबै पक्षको रचनात्मक भूमिका आवश्यक भएको उनले बताए । संकटको संघारमा रहेको अर्थतन्त्रलाई सुधारको बाटोमा ल्याएर समृद्धितर्फ उन्मुख गराउन सबै क्षेत्रले सरकारसँग सहकार्य गर्नुपर्नेमा उनले जोड दिए ।

## टिम रिलायन्स बचत तथा ऋण सहकारी संस्था लि.
**नयाँ बानेश्वर, काठमाडौं**

### वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको मिति २०७९ पुस ११ गते बसेको सञ्चालक समितिको बैठक निर्णयानुसार संस्थाको पन्धौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्ने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर धनी महानुभावहरूलाई जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति**: २०७९ माघ ६ गते शुक्रबार
**समय**: बिहान १०:३० बजे
**स्थान**: संस्थाको कार्यालय, नयाँ बानेश्वर
**छलफलका विषयहरु**:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८ / २०७९ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७८/२०७९ को लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्ने ।
३. कोषाध्यक्षज्यूको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
४. आ.व. २०७९/२०८० को लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. साधारणसभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयर धनीका तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६. आ.व. २०७८ / २०७९ मा भएका सञ्चालक समितिका निर्णयहरू परित गर्ने ।
७. सञ्चालक समिति र लेखा समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
८. विविध ।

**नोट** शेयर धनीमहानुभावहरूलाई उस्थिति पुस्तिकामा हस्ताक्षर गर्नको लागि मिति २०७९ साल पुष २५ देखि माघ ६ गते बिहान १० देखि दिउसो ३:३० बजे सम्म उपस्थिति पुस्तिका कार्यालयमा राखिएको कुरा जानकारी गराउँदछौं ।

**सञ्चालक समिति**
**टिम रिलायन्स बचत तथा ऋण सहकारी संस्था लि.**

## Invitation for Bids

Government of Bagmati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

### Infrastructure Development Office Nuwakot

**Invitation for Bids No: IDO/NUWAKOT/IFB-02/2079/80**

**Date of publication: 29 December 2022 (2079/09/14)**

1. *Infrastructure Development Office, Nuwakot* invites electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office of Infrastructure Development Office, Bidur, Nuwakot and Email:** nuwakotido@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document ***mentioned in table below*** in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: *Nepal Bank Limited, Trishuli*
   Name of Office: *Infrastructure Development office, Nuwakot*
   Office Code no.: **3370129013**
   Office Account no.: **27202000001001000001**
   Rajaswa (revenue) Shirshak no.: **14229**
4. Pre-bid meeting shall be held at *Infrastructure Development Office, Nuwakot* on *18 January 2023 (2079/10/04).*
5. Electronic bids must be submitted to the office *Infrastructure Development Office, Nuwakot* through PPMO's e-GP system www.bolpatra.gov.np/egp. on or before *12:00* hrs. on *29 January 2023 (2079/10/15).* Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *29 January 2023 (2079/10/15)* on *13:00 hrs.* at the office of *Infrastructure Development Office, Nuwakot.* Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid *28 May 2023 (2080/02/14)*
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Contract Identification Number and Description of Works | Estimated Amount in NRs. Including VAT | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/NUWAKOT/W/NCB/04/079/80 Construction and Upgrading of Paarchyang Lachyang Road, Naukunda 03 Rasuwa | 18,817,949.83 | 471,000.00 | 3,000.00 |
| 2 | IDO/NUWAKOT/W/NCB/05/079/80 Construction and Upgrading of Satdobate-Thaulogaun-Haku-Gatlang Road, Kispang RM, Nuwakot | 5,311,097.08 | 133,000.00 | 3,000.00 |
| 3 | IDONUWAKOT/W/NCB/06/079/80 Construction and Upgrading of Tinpiple (Kathmandu) Dumping Site Chauthe Khola Salme Khola Bharyang Majuwa Baghkhor Ratamate Road, Kakani Nuwakot. | 9,159,456.91 | 230,000.00 | 3,000.00 |
| 4 | IDONUWAKOT/W/NCB/07/079/80 Construction and Upgrading of Tinpiple Okharpauwa Kolpu Galchhi Road, Kakani RM, Nuwakot | 4,819,664.04 | 121,000.00 | 3,000.00 |
| 5 | IDONUWAKOT/W/NCB/08/079/80 Construction and Upgrading of Biruwatar Yekle Ward Office Road, Belkotgadi RM, Nuwakot | 8,691,477.42 | 218,000.00 | 3,000.00 |
| 6 | IDONUWAKOT/W/NCB/09/079/80 Construction and upgrading of Shiva Mandit Dekhi District Police Office Hudai District Hospital, Rasuwa | 8,684,614.44 | 218,000.00 | 3,000.00 |
| 7 | IDONUWAKOT/W/NCB/10/079/80 Construction and upgrading of Chaughada Aapraha Mo Ba Road Likhu-04, Nuwakot | 2,409,668.31 | 61,000.00 | 3,000.00 |

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# कोरोना महामारीको बढ्दो खतरा


करिब एक वर्षदेखि प्रकट हुन छाडेको कोरोनाको महामारी फेरि एक पटक चर्चामा आएको छ । यसै हप्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सतर्कता अपनाउन विज्ञप्तिमार्फत सन्देश दियो । यसको अर्थ नेपालमा फेरि कोरोनाको जोखिम बढेको बुझ्न सकिन्छ । यद्यपि सतर्कता अपनाउन सरकारले अपिल गरेको भन्दैमा कोरोनाको महामारी फैलिन लागेको भन्ने नहुन सक्तछ । तर विगतको उदाहरण छ हेलचेक्र्याइँ भयो भने यसको क्षति धेरै ठूलो हुन जान्छ । नेपालमा बेसार मिसाएको तातोपानी खाएर र अम्बाको पात उमालेर कुल्ला गरेमा कोरोनाले छुँदैन भनी प्रधानमन्त्रीले पटक–पटक सुझाए पनि यही देशमा १२ हजारको संख्यामा यो महामामारीबाट ज्यान गयो । यो ठाउँमा प्रधानमन्त्रीको भनाइ किन उद्धरणमा आयो भने यो महामारीलाई यति उच्चतहबाट नै यसरी हेपिँदा देशले ठूलो मानवीय क्षति व्यहोर्नुपरेको अवस्था बिर्सनयोग्य छैन भन्नका लागि हो । पछिल्लो समय यो महामारी विस्तार नै होला भन्ने सङ्केत देखिएको छैन तर कुनै भूगोलको सीमाबाट नछेकिने यो रोगले नेपाललाई घेरा हाल्न थालेको चाहिँ बुझ्न सकिन्छ ।

स्वास्थ्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पछिल्लो समय छिमेकी देशहरु चीन र भारतमा संक्रमण बढ्न थालेको बताएको छ । स्वाभाविक छ त्यसको प्रभाव नेपालमा पनि पर्छ नै । पहिले पनि त्यस्तै भएको थियो । तीन वर्षअघि २०७६ माघमा नेपालमा पहिलो संक्रमण भेटिएको हो । ती व्यक्ति भर्खरै चीनबाट नेपाल आएका थिए । चीनमा त्यो वर्षको पुसमा यस्तो संक्रमण प्रकट भएर फैलिएको थियो जो केही समयमा नै विश्वव्यापी भयो । नेपालमा त्यसबेला कोरोना संक्रमण फैलिनुको कारण भारतसँगको खुला सीमा रहेको भन्ने रिपोर्ट थियो । त्यो सत्य पनि थियो । त्यसबेला नेपालमा कोरोना संक्रमण फैलिनुको कारण भारतसँगको खुला सीमा हो भने त्यो अहिले पनि विद्यमान नै छ । त्यसकारण पनि नेपालमा अबका दिन बढी सतर्कतायुक्त रहनुपर्ने भनिएको हुनुपर्छ । सतर्कता अपनाउँदा संक्रमित हुनबाट जोगिएका देशहरु पनि थुप्रै छन् । त्यसबेला अमेरिकाले यसलाई केही होइन भन्दा ठूलो मानवीय क्षति व्यहोर्नु परेको थियो । मन्त्रालयले जनाएअनुसार ओमिक्रोनको नयाँ सबभेरियन्ट 'बीएफ–७' का कारण पछिल्लो सातायता विभिन्न देशहरुमा संक्रमण बढिरहेको छ । नेपालमा भने सो भेरियन्ट भेटिएको छैन । तर यसो भनेर चुपचाप बस्ने अवस्था पनि हुँदैन । स्वास्थ्य मन्त्रालयका अनुसार गएको महिना देशभरिबाट सङ्कलित ४८ वटा नमूनाहरुको जिन सिक्वेन्सिङ गर्दा ओमिक्रोनको १७ वटा सवभेरियन्ट पुष्टि भयो तर नयाँ प्रजातिको रुपमा देखापरेको 'बीएफ–७' भने फेला परेको छैन ।

आवश्यकता सतर्कताको हो । शंका लागेमा तत्कालै परीक्षण गर्ने व्यवस्था मिलाइएमा मात्रै पनि संक्रमणले फैलन पाउँदैन । त्यसकारण परीक्षणलाई सहज र सुलभ बनाइनु पर्छ । हुनसक्छ भने यो निःशुल्क नै गरियोस् । विज्ञहरुका अनुसार यसको परीक्षणमा प्रयोग हुने वस्तुहरु धेरै नै सस्ता भएका छन । सुरुमा सात/आठ हजारसम्म लागेका वस्तु अहिले एक/डेढ सयमा नै उपलब्ध भइरहेको छ । योअनुसार सरकारले मूल्य तोकेर परीक्षणको व्यवस्था गर्ने हो भने नेपाल प्रवेश गरे पनि यो नियन्त्रणमा नै रहनेछ । यो ठाउँमा केवल सरकारको तत्परता आवश्यक पर्छ ।

विगतका अनुभव छन्, एउटा अक्सिजनको व्यवस्था नगरिँदा एउटै अस्पतालमा एकैदिन १५/२० जनाको ज्यान गयो । यता उपचारको बन्दोबस्तीमा व्यापक भ्रष्टाचार भए । यो कुरालाई सरकारले मनन गर्नुपर्छ ।

---



## अर्घ — वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

### Odd Lot (शेष भाग)

धितोपत्र बजारमा कारोबारको लागि तोकिएको संख्याभन्दा कम संख्याको परिमाण । सामान्यत धितोपत्रको कारोबार गर्दा बजारको भाग र परिमाण उदाहरणको लागि सय सेयरको कारोबार परिमाण निर्धारण गरेको छ भने सोभन्दा कम सेयर संख्या शेष भागको रुपमा रहन्छ । यसप्रकारको संख्या हकप्रद सेयर, बोनस सेयरको कारणले हुने गर्दछ । शेष भाग बिक्री गर्दा कम मूल्यमा गर्नुपर्ने अवस्था पनि हुने गर्दछ ।

### Offer by Prospectus (विवरणपत्रद्वारा प्रस्ताव)

सेयर वा ऋणपत्र खरिद गर्न सर्वसाधारणलाई कम्पनीसम्बन्धी आधारभूत र जानकारी दिन आवश्यक विवरण, जोखिम, नाफा नोक्सान, व्यवस्थापन आदि खुलाइएको विवरणसहित सेयर वा ऋणपत्र खरिद गर्न गरिएको आह्वान । विवरणपत्रमा आवश्यक विवरण र तथ्य नखुलाउनु, लुकाउनु, गलत विवरण दिनु, भ्रममा पार्नु आदि अपराधको रुपमा लिइन्छ ।

### Offer Document (प्रस्ताव कागजात)

अन्य कम्पनी नियन्त्रणमा लिन चाहने कम्पनीले लक्षित कम्पनीको सेयरधनीहरुलाई नियन्त्रणमा लिने सर्तहरु, भुक्तानी गर्न चाहेको मूल्य आदि खुलाई उपलब्ध गरएको पत्र ।

---

# सन्दर्भ नयाँ सरकार : प्रचण्डलाई लक्षित गरी अर्को के चमत्कार !



*आई.एल.सिंह*

> *"मन्त्रीमण्डलमा सात दललगायत चार स्वतन्त्र गठबन्धनको सरकार बन्यो । नयाँ दलहरूले पनि शानदार उपस्थिति पाए । दलहरू आपसमा सिद्धान्त मिल्ने कोही देखिँदैन । साझा एजेन्डा के हो थाहा छैन । राजावादी राप्रपाले के संविधान स्वीकारेको हो ? रास्वपा प्रदेशसभा बहिष्कार गर्ने र संघीयताको विरोध गर्नेले प्रदेश स्वीकार गरेकै हो ? मधेस नेपालबाट अलग गर्ने दल पनि सरकारलाई समर्थन गर्नुको अर्थ के ? प्रचण्ड प्रधानमन्त्री बन्न मात्र बनेको गठबन्धन हो यो, यसको आयु कति नै होला भन्न सुरु भइसकेको छ। भाँडभैलो हुने त होइन भन्नेहरूको कुनै कमी छैन । ठूलो-ठूलो स्वरमा भ्रष्टाचारको विरोध गर्ने, बालुवाटार जग्गा तथा औषधि खरिदमा भ्रष्टाचारको कुरा उठाउने, 'नो नट अगेन' अभियन्ताहरू जसले पुराना नेताहरूको विरोध गरे, हराउने खेल खेले हाल उनीहरूकै नेतृत्व र टोलीमा समाहित भएका छन् ।"*

त्यो अन्तिम दिन देशवासीहरु बिहानैदेखि नयाँ सरकारको प्रतीक्षामा थिए । ज्योतिषीले भनेअनुसार शेरबहादुर देउवा फेरि प्रधानमन्त्री हुने पक्का भयो भन्न थालिसकेको थियो । ज्योतिषी त गजब मिलाउने रैछ भन्न पनि थाले । गठबन्धनका दलहरु आ-आफ्नै किसिमले रमाउँदै थिए र कसले के पाउने हो उत्सुक थिए । ठूलो दलको हिसाबले नेपाली कांग्रेसकै पोल्टामा प्रधानमन्त्री र राष्ट्रपति पाउनेमा ढुक्क थिए र सो प्राप्तिको लागि अडान लिन उस्काएका थिए ।

माओवादी अध्यक्ष प्रचण्डका अति निकट कमाण्डरहरूलाई प्रचण्ड नै आलोपालोको पहिलो प्रधानमन्त्री पाउनुपर्ने सन्देश दिँदै घुर्की र तर्साउने रणनीतिमा नै व्यस्त थिए ।

माओवादी, एमालेसँग कुनै पनि हालतमा मिल्न नसक्ने अनुमान थियो । नेका पनि ढुक्कै । निर्वाचित सांसदहरु राम्रो स्थान पाउन कहिले बालुवाटार त कहिले देउवानिकट शक्तिकेन्द्र धाइराखेको सुनिन्थ्यो । आ-आफ्नै ढंगले राष्ट्रपति आफूले पाउनुपर्ने दाबी गर्दै थिए ।

राष्ट्रपतिले सरकार गठन गर्ने म्याद अपराह्न ५ बजेसम्म तोकेकी थिइन् । संसदीय दलको निर्वाचनपछि शेखर कोइरालानिकट नेता र कार्यकर्तहरुमा खासै उत्सुकता देखिएन र प्रक्रियामा सहभागी पनि भएन । वार्तामा सहभागी गराइएन भनेर अहिले भन्दै छन् । के कारणले हो भित्रभित्र के पाक्दै छ नेकालाई हेक्का नै भएन ।

खेलमा पासा पल्टेजस्तै अचानक मध्यान्नतिर तेस्रो नायक एमालेका अध्यक्षको प्रवेश हुन्छ । शक्तिकेन्द्र बालुवाटारबाट एकाएक बालकोटतिर हानिन्छ । केही पुराना दलबाहेक नयाँ दलहरु र स्वतन्त्र गरी सबै बालकोटमा जम्मा हुन्छन् प्रचण्डलाई उपहारको रुपमा प्रधानमन्त्री बनाउने आदेश दिन्छन् । राष्ट्रपति कहाँ गई प्रचण्डलाई प्रधानमन्त्रीको शपथग्रहण गराउँदै आफ्नो चर्तिकला देखाउँछ। हेर्दाहेर्दै पाँच दलको गठबन्धन ग्लास खसेको जस्तै चकानाचुर हुनपुग्छ । नेका हेरेको हेरै ।

माओवादी अध्यक्ष प्रचण्डले जे-जति एमाले अध्यक्षविरुद्ध विषवमन गरेको भए पनि लाजै नमानी उसैको खुट्टामा लम्पसार हुन पुग्छ । पदको लागि जे पनि गर्न तयार हुने आफ्नो अर्को परिचय दिएको छ । अनि जनताले स्वीकार्नुपर्ने बाध्यता हुनपुग्यो । राजनीतिमा स्थायी मित्र पनि हुँदैन शत्रु पनि हुँदैन रे । जनसमुदायले के सिक्ने ? फटाहा कुरा गर्ने, अरूलाई ढोका दिने, नैतिकता खै ? अनि यी नेताहरूले जे गरे पनि सहनु पर्ने ? कस्तो अचम्म ? अनि सरकारी निकायका कर्मचारीले यस्तालाई किन विश्वास गर्छ? कर्मचारीले समेत टेर्दैन भन्छन् यी नेताहरु । हो त किन टेर्नु बोलीको ठेगान नहुने को ? प्रचण्डले गठबन्धन तोडेबाट देश भर हल्ली खल्ली हुन्छ । दुवै ले जे पायो बोलेका नयाँ पुराना अन्तरवार्ता भाइरल बनेको छ र जनतालाई मनोरञ्जन दिएको छ ।

कोही खुशी त कोही वाक्क दिक्क हुँदै गठबन्धनका सूत्रधार प्रचण्ड र देउवालाई तथानाम गाली बर्साउन थालेको छ । प्रश्नमाथि प्रश्न उठ्न थालेको छ । कस्ले सुन्यो वा सुनेन अर्कै कुरा हो, तर आजसम्म पनि सो क्रम जारी नै छ ।

देशका शक्तिशाली प्रधानमन्त्री, नेकाका सभापति, संसदीय दलका नेता एवं सांसदको पहिलो दल करिब दुई घण्टाको अन्तरालमा सडकमा पछारिन पुग्यो भने अब कुनै पनि राजकीय पदहरु र प्रदेश सरकारको नेतृत्वबाट वञ्चित हुनुपर्ने अवस्था आएको छ । खास बोल्दै नबोली आफ्नो तुरुप नदेखाई एमाले अध्यक्ष सर्वशक्तिशाली र राजा निर्माता बन्न पुग्यो । कुनै फिल्मी शैलीमा भएको घटना जस्तै हुनपुग्यो ।

मन्त्रीमण्डलमा सात दललगायत चार स्वतन्त्र गठबन्धनको सरकार बन्यो । नयाँ दलहरूले पनि शानदार उपस्थिति पाए । दलहरु आपसमा सिद्धान्त मिल्ने कोही देखिँदैन । साझा एजेन्डा के हो थाहा छैन । राजावादी राप्रपाले के संविधान स्वीकारेको हो ? रास्वपा प्रदेशसभा बहिष्कार गर्ने र संघीयताको विरोध गर्नेले प्रदेश स्वीकार गरेकै हो ? मधेस नेपालबाट अलग गर्ने दल पनि सरकारलाई समर्थन गर्नुको अर्थ के ? प्रचण्ड प्रधानमन्त्री बन्न मात्र बनेको गठबन्धन हो यो । यसको आयु कति नै होला भन्न सुरू भइसकेको छ । भाँडभैलो हुने त होइन ? भन्नेहरुको कुनै कमी छैन ।

ठूलो-ठूलो स्वरमा भ्रष्टाचारको विरोध गर्ने, बालुवाटार जग्गा तथा औषधि खरिदमा भ्रष्टाचारको कुरा उठाउने, 'नो नट अगेन'का अभियन्ताहरु जसले पुराना नेताहरुको विरोध गरे हराउने खेल खेले हाल उनीहरुकै नेतृत्व र टोलीमा समाहित भएका छन् । दुईजिब्रेहरु ज-जसले जे-जे बोलेका छन् सामाजिक सञ्जालमा सम्झनाको लागि भए पनि भाइरल भएको छ । जनताले धेरै चासो देखाएका छन् । विरोधका आवाजहरु अहिले नै सुनिन थालिसकेको छ । रास्वपाका एक जिम्मेवार नेताले लिखित विज्ञप्तिमार्फत विरोध जनाइसकेको छ। सरकार कसले कसरी चलाउने हो हेर्न आतुर छन् । हेर्दै जाऔँ ।

लेन र देनका कुरा भएकै होला । राम्रो र खुवा पद लिने र दिने भएको देखिन्छ । नत्र भर्खरको रास्वपाका अध्यक्षलाई गृहको जिम्मा नै दिनु र लिनुको रहस्य के ? आफ्नो नागरिकता काण्डबाट बच्न त होइन ? के अब स्वच्छ अनुसन्धान होला ? गृह मन्त्रालय दिई नै सक्यो भने माओवादीका वरिष्ठ नेताहरूले के लिने ? यहाँ प्रोटोकलको कुरा नउठाउला र ? झगडाको सुरूवात यसैबाट नहुने भन्ने छैन ।

हिजै मन्त्रिपरिषद्को पहिलो बैठकले केही निर्णय गरेको छ । पासपोर्ट लिन लाइनमा बस्नु नपर्ने रे । यस्तो पनि निर्णय हुन्छ ? पासपोर्टमा मात्र किन ? कुनै पनि सरकारी निकायमा लाइन बस्नु नपर्ने अफिस छ र ? लाइन बस्नु पर्ने कारण के ?

प्रचण्डले ठूलो चुनौती थेग्नु पर्नेछ । सरकारको व्यवस्थापन कसरी गर्ने चुनौती कसरी समाधान गर्ने होला प्रश्न उठिसक्यो । एमाले अध्यक्ष चतुर खेलाडी भन्ने पुष्टि भएको छ । गठबन्धन भत्काई प्रधानमन्त्री त बनायो तर पार्टी फुटाएको बिर्सिसकेको त छैन होला । अब प्रचण्डलाई लक्षित गरी अर्को के चमत्कार देखाउने हो हेर्न बाँकी नै छ ।



नेकाका विभिन्न तहका कार्यकर्ता एवं वरिष्ठ पदाधिकारीहरूले नेका सभापतिलगायत प्रक्रियामा संलग्न सबैलाई गाली गालोच गर्न सुरू गरिसकेको छ । नगर भन्दा पनि गठबन्धन गरेको भन्दै चर्को आवाज उठाएको छ । राजीनामासम्मको कुरो उठाइसकेको छ । हामीलाई बोलाइएन भनी पन्छिन खोजेका नेताहरु पनि देखियो । के फाइदा हुने ठाउँमा बोलाएन भन्नु मिल्छ ? जानुपर्दैन ? जे भयो नेकाका सबै पधाधिकारीले जिम्मा लिनुपर्ने होइन ?

नहुनु पर्ने हो तर भयो । त्यो पनि आफ्नै ढंगले । नेकाले यस्तो अवसर गुमाउनु दुःखको कुरा त छ नै । हिजो जे भयो आज इतिहास भइसक्यो ।

### अब के त ?

संख्यामा ठूलो दल भएर पनि विपक्षीको भूमिका खेल्नुपर्ने बाध्यता आएको छ ।

यसबाट पार्टी सप्रिन र सच्याउने ठूलो मौका आएको छ, गाउँदेखि केन्द्रसम्म सुदृढ गर्ने अर्को अवसर पनि दिएको हो यो । नेकाका केन्द्रीय नेतादेखि इकाइसम्मका नेताहरूले आत्मासमीक्षा गर्नै पर्छ ।

सर्वप्रथम नेताहरूले आफ्नो बानीव्यवहारमा व्यापक सुधार गर्नै पर्छ । जति माथि गयो आफ्नो औकात बिर्सिने र कुनै राजाभन्दा कम नठान्ने रवाफ केका लागि ?

नेकाको अर्को रोग हो गुट उपगुट । एकले अर्का गुटसँग बोल्नसम्म निषेधजस्तो छ । विभिन्न नामको कांग्रेस जति पनि पाइन्छ तर खै नेपाली कांग्रेस ? यसको अन्त्य हुनै पर्छ । कसरी गर्ने वरिष्ठ नेताबाट नै सिक्न र सिकाउन पर्छ । आफैँ उदाहरण हुनुपर्छ ।

काठमाडौं महानगरपालिकाको प्रमुखको महत्वपूर्ण पद गुम्यो किन ? निवर्तमान गृहमन्त्री हार्‍रे किन ? नबुझेको पक्कै होइन । परिवारवाद, आफ्नो वा मेरो मानिसवाद आदिले गर्दा सामाजिक सञ्जालमा खेप्नै नसक्ने गाली बर्साएका उदहारण जति पनि पाइन्छ ।

अहिले युवाको लहर आएको भान हुन्छ । तर त्यो साँच्चै सत्य नहुन सक्छ । यदि योग्य उम्मेदवार दिएको भए र नेका कार्यकताबीच निर्वाचनमा आफ्नै साथी हराउने प्रतिस्पर्धा नभएको भए नेकाको अझ राम्रो नतिजा आउने थियो । वरिष्ठ नेताहरूले खुलारूपमा नामै तोकेर असहयोग गरेको वक्तव्यहरु दिएको पाइन्छ । परिवर्तित सन्दर्भमा उमेरले युवा नभई सक्षम, योग्य, राम्रो शैक्षिक योग्यता आदि भएका व्यक्ति खोजी उपयुक्त ठाउँमा नियुक्ति वा चयन गर्नुपर्ने जनताको सुझाव हो यो ।

संगठन बलियो गर्नुको विकल्प छैन । अब आउने पाँच वर्ष गाउँ-गाउँमा गई पुरानालाई पुनः सक्रिय गर्नु र नयाँ खासगरी युवा समूहलाई प्रवेश गर्नुपर्छ । सशक्त विपक्षीको भूमिका खेल्नेको अलावा नियमित क्षमता निर्माण अभ्यास, अन्तरक्रिया, बैठक, समुदायमा आधारित विकासलाई टेवा पुऱ्याउने खालका स्वैच्छिक स्वयंसेवी कार्यहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । यसको अगुवाइ केन्द्रीय, प्रदेश, जिल्लाका पदाधिकारी र सदस्यहरु लिनुपर्ने देखिन्छ । सबै भातृ संगठन नेविसंघ, तरूणदल, महिला संघ परिचाल गर्नै पर्छ । अब नेताहरु काठमाडौं बसाइको सहुलियत हुन सक्दैन । अधिराज्यका स्थानीय सरकारमा नेका नेतृत्वको हावी छ । अबको पाँच वर्ष यतिसम्म काम गर्न सकिन्छ भन्ने उदहारण दिन सक्नुपर्छ । काठमाडौंको ३२ मा १९ वडामा नेकाका वडा अध्यक्षहरु छन् । यही हो काम देखाउने अवसर । सानो माछा होइन ठूलो माछा मार्ने योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्नुको विकल्प छैन अब । स्थानीय सरकारमा ठूलो भ्रष्टाचार हुने चर्चा व्यापक सुनिन्छ । होसियार हुनै पर्छ ।

नेकाका युवा पदाधिकारीहरूको धेरै कुरा र गफ सुनियो । यस्तो भन्दै गर्दा कसले के बोल्छ भन्ने कण्ठ भइसक्यो । अब कुरा होइन बोलेका कुरालाई रुपान्तरण गरी नतिजा निकाल्नुपर्ने बेला आएको छ ।

---

# स्वच्छ वाग्मतीको लागि स्थानीय सरकारको भूमिका



*डा. माधव अधिकारी*

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । सो सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रियरुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइसम्बन्धी स्पष्टरुपमा निर्धारण गरेको छ । हालसम्म ८९ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २१ प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको सरकारको दाबी छ । सरकारी आँकडाअनुसार सरसफाइतर्फ हालका वर्षहरुमा प्रगति भई बहुसंख्यक घरपरिवारले आधारभूत स्तरको सरसफाई सेवा उपयोग गरिरहेका छन् । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा आवश्यक सुधार गर्न योगदान पुगेको सरकारको दाबी छ ।

विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले पानीका स्रोतहरु नदीनाला, ताल तलैयामा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ । अपेक्षाअनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव बस्तीको विस्तार र विकाससँगै गतिविधिबाट सिर्जित फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुँदै गएका छन् ।

नेपालको संविधानद्वारा प्रदत्त खानेपानी तथा सरसफाइको अधिकारअनुरुप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्नु, ह्रास हुँदै गएका सतहगत र भूमिगत खानेपानीका स्रोतको जगेर्ना गर्नु, खानेपानी तथा सरसफाइका संरचनालाई जलवायु परिवर्तन अनुकूल तथा विपत् व्यवस्थापनमैत्री बनाउँदै लैजानु, अव्यवस्थित शहरीकरणका कारण खानेपानी तथा सरसफाइको सेवामा परेको चापलाई व्यवस्थित गर्नु, परिवर्तित संस्थागत संरचनाको सन्दर्भमा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थित विकासको लागि तीन तहको सरकारमा क्षमता अभिवृद्धि गर्नु, सहर तथा बस्तीमा उपयुक्त आर्थिक तथा प्राविधिक उपायद्वारा मानव सिर्जित मलमूत्रलगायतका औद्योगिक र कृषिजन्य फोहोर पानीको संकलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हो भन्नुमा अयुक्ति नहोला ।

परिवर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशय लगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिवृद्धि, खानेपानी र सरसफाइको सेवा प्रवाहमा निजी क्षेत्रको बढ्दो आकर्षण, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहयोग र सहभागिता, विदेशमा समेत खानेपानी निर्यात गर्न सकिने सम्भावना यस क्षेत्रका अवसरका रुपमा रहेका छन् । पन्ध्रौं योजनाको अन्त्यसम्म ८९ प्रतिशतबाट ९९ प्रतिशत नागरिकमा आधारभूत स्तरको हुने, करिब ४० प्रतिशत नागरिकलाई सुधारिएको खानेपानी सेवा उपलब्ध भएको हुने, खुला दिसामुक्त क्षेत्र घोषणा भएका क्षेत्रहरुमा पूर्ण सरसफाइका क्रियाकलापले निरन्तरता पाउने र घरायसी, औद्योगिक र अन्य मानव गतिविधिबाट सिर्जित कम्तीमा २० प्रतिशत फोहोर पानी प्रशोधन गरी निष्काशन तथा विसर्जन भएको हुने भनिएपनि यस्तै हो भने यो लक्ष्य पूरा हुन कठिन छ । यसै सिलसिलामा उदाहरणको रुपमा यस लेखमा वाग्मती सफाइबारे संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

वाग्मती नदी नेपालको एक मुख्य नदी हो । यो नदी वाग्द्वारबाट उद्गम भएर काठमाडौंको किनारमा बग्दछ । टेकु दोभानमा यो नदी विष्णुमती नदीसँग मिसिन्छ । यो नदीले काठमाडौं र ललितपुरबीच सीमा छुट्याउँछ । चोभारको गल्छीबाट उपत्यका काटेपछि यो नदी तराईतिर बग्दछ । भारतको बिहार राज्यमा गएर यो नदि कोशी नदीमा मिसिन्छ । यो नदिको धार्मिक विषेशता रहेको छ । यी नदीलाई हिन्दु तथा बौद्ध धर्ममा पवित्र मानिन्छ । यस नदीको किनारमा पशुपतिनाथलगायत कयौं मन्दिरहरु रहेका छन् । यो नदीमा विभिन्न धार्मिक संस्कार गरिन्छ ।

कुनै बेला पानी पिउन योग्य स्वच्छ वाग्मती नदी यतिबेला प्रदूषणबाट ग्रसित छ । नदीमात्र होइन, हिन्दु सभ्यताको इतिहास जोडिएको राजधानीको बीच भागबाट बग्ने वाग्मती सभ्यता बोकेको यो नदीमा अरबौंको योजना र कार्यक्रम सञ्चालन भएको पाइन्छ तर समस्या घट्नुको साटो ज्युँका त्युँ छ । विश्वकै हिन्दुको आस्था एवं विश्वासको केन्[illegible]बिन्दु वाग्मती नदी/सभ्यताको उद्गमस्थल शिवपुरी जलाधार क्षेत्रको वाग्द्वार सफा भए पनि राजधानीको बढ्दो जनसंख्या, अस्वस्थकर एवं अनियन्त्रित सहरीकरण र अव्यवस्थित ढल एवं फोहोरमैलाले नदी/सभ्यता झन्डै तीन दशकयता प्रदूषित छ ।

हालका वर्षमा नदीको बहाव घट्दै गएको छ । जलमार्ग साँघुरिँदै र गहिरिँदै गएको छ । अतिक्रमण बढेको छ । नदीको पानीका साथै जलाधार क्षेत्रको गुणस्तर घट्दै जानु र सांस्कृतिक तथा कलात्मक सौन्दर्यको मान्यतासमेत हराउँदै जानु पनि वाग्मती नदीको समस्या हो । एक आँकडाअनुसार नेपालभित्र दुई सय र काठमाडौं उपत्यकाभित्र ४४ किलोमिटरभन्दा बढी लम्बाइको नदी किनारको भूमिको दुरुपयोग भएको छ । जलजन्य जैविक विविधता सखाप भएका छन् । २०६६ सालमा मन्त्रिपरिषद्को निर्णयमा स्वीकृत पाँचवर्षे 'वाग्मती कार्ययोजना' कार्यान्वयनमा आयो, वाग्मती बचाउ अभियान पनि चल्यो । तर, समस्या ज्युँका त्युँ छ ।

वाग्मती सभ्यता बचाउन र यसको समग्र विकासका लागि सरकारले २०५१ सालमा पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन गऱ्यो । लगत्तै अर्को वर्ष केही परिमार्जन गरी अधिकारसम्पन्न पशुपति क्षेत्र ढल निर्माण सुधार कार्यान्वयन तथा अनुगमन समिति बनायो । यसले लक्ष्यअनुसार काम गर्न नसकेको भन्दै २०६४ सालमा अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति बनायो । सोले पनि सो समस्या समाधान गर्न नसकेको सरोकारवालाको दाबी छ ।

वाग्मती नदीमा विष्णुमती, टुकुचा, धोबीखोला, मनहरा, हनुमन्ते, कोड्कु, बल्खु र नख्खु खोला मिसिएका छन् । ढल सिधै नदीमा मिसाइएका कारण कुनै बेलाको स्वच्छ वाग्मती अहिले प्रदूषित बनेको हो । वाग्मती सफाइ महाअभियान प्रत्येक शनिबार सञ्चालनमा छ जसका कारण विगतको तुलनामा केही प्रदूषणमुक्त भएको छ तर वाग्मती नदी सफाइ कार्य हिँड्दै छ, पाइला मेट्दै छ भनेजस्तै भएको छ । मानिसमा जनचेतनाको अभावको कारण ढलहरु सिधै वाग्मतीमा निकास, घरटोलमा नै फोहोरको व्यवस्थापन हुन नसक्दा वाग्मती सफाइका क्रममा आशातीत सफलता हासिल हुन नसकोको अवस्था छ । वाग्मती सफाइ अभियानको २०७० जेठ ५ गतेदेखि सुरू भएको थियो । सफाइ अभियानले मात्रै नदीमा फोहोर फाल्ने प्रवृत्ति वा नदी सफा गर्न नसकिने हुँदा वाग्मती नदीसँग जोडिएका पालिका (स्थानीय सरकार)हरूले वाग्मती सफा गर्ने आवश्यक व्यवस्था मिलाउन अति आवश्यक छ । यसका लागि काठमाडौं, भक्तपुर, ललितपुरवासीलगायत सरोकारवालाहरुमा विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल, पत्रपत्रिकामार्फत जनचेतना अभिवृद्धि गर्नु, कुहिने, नकुहिने फोहोरलाई छुट्टयाउने बानीको विकास गर्न, उपत्यकाको ढल निकास वाग्मतीमा नगरी सोको लागि आवश्यक प्रभावकारी योजना बनाई व्यवस्थित गर्नु अति आवश्यक छ । तबमात्र वाग्मतीलगायत देशभरिका नदिनाला स्वच्छ भई धार्मिक अस्तित्व बचाउन सफल भई स्वच्छ पानीको समेत आपूर्ति हुनेछ ।

adhikariphd@yahoo.com

# अमेरिकी सर्वोच्च अदालतद्वारा विवादास्पद सीमा नीतिलाई यथावत् राख्न निर्देशन

वासिङ्टन, पुस १३ । मेक्सिकोको सीमामा रहेका लाखौं आप्रवासीलाई स्वदेश फर्काउन कोभिड–१९ को सावधानी अपनाउने अमेरिकी सरकारको दुई वर्ष पुरानो नीति तत्कालका लागि कायम रहने सर्वोच्च अदालतले मङ्गलबारको फैसलामा सुनाएको छ ।

'टाइटल ४२' भनिने विवादास्पद नियमलाई कायम राख्ने निर्णयले अमेरिका प्रवेशका लागि हजारौंले दक्षिणी सीमामा पर्खिरहेका समय राष्ट्रपति जो बाइडेनका लागि राजनीतिक संकट निम्त्याएको छ । सन् २०२० को मार्चमा पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा ल्याइएको यो नीति तल्लो अदालतको आदेशअनुसार हटाइयो भने आप्रवासीको संख्या बढ्न सक्ने चेतावनी दिँदै १९ वटा राज्यबाट दायर गरिएको याचिकालाई कन्जरभेटिभ बाहुल्य रहेको उच्च अदालतले स्वीकार गरेको हो ।

सर्वोच्च अदालतले भनेको छ, 'टाइटल ४२' अर्थात् ४२–नियमहरू, जसले शरणका लागि योग्य हुनसक्ने व्यक्तिहरूलाई समेत छिटो निष्काशन गर्न अनुमति दिन्छ, यस विषयमा अर्को निर्णय नभएसम्म कायम रहनेछ र यसले फेब्रुअरीमा यस मुद्दाको सुनुवाइ गर्नेछ ।'

'राज्यहरूले सीमामा आप्रवासन संकटको सामना गर्नुपरेको र नीति निर्माताहरू यसलाई सम्बोधन गर्न पर्याप्त उपायहरूमा सहमत हुन असफल भएको दाबी गर्छन्', अदालतले आफ्नो '५–४ को फैसला'मा भनेको छ, 'राज्यहरूको सुझाव सफ्टलाई कम गर्नको लागि एक मात्र उपाय भनिएको छ । सङ्घीय सरकारको कोभिड–युगको 'टाइटल ४२' को यथासम्भव लामो समयको लागी जारी राख्नका लागि निर्देशन गरिन्छ ।'

यो फैसला आउनुपूर्व 'टाइटल ४२' गलत भएको स्वीकारेको बाइडेन प्रशासनलाई शरण खोज्ने आप्रवासीहरूको वृद्धिको लागि मे वा जूनसम्ममा भित्राउने तयारी हुन सक्थ्यो । फैसलापछि प्रतिक्रिया दिँदै ह्वाइट हाउसकी प्रवक्ता करिन जीन पियरेले प्रशासनले अदालतको आदेशको पालना गर्ने र सुनुवाइका लागि तयारी गर्ने बताएकी छिन् ।

'टाइटल ४२' लागु गर्न अनुमति नभएपछि हामी सुरक्षित, व्यवस्थित र मानवीय तरिकाले सीमा व्यवस्थापन गर्ने हाम्रो तयारीलाई अघि बढाइरहेका छौं,' जीन पियरेले एक विज्ञप्तिमा भनेकी छिन् ।

उनले भनिन्, 'पूर्व सरकारका ४२ निर्देशनहरू सार्वजनिक स्वास्थ्यको उपाय हो, अध्यागमन प्रवर्तन उपाय होइन, र यसलाई अनिश्चित कालको लागि विस्तार गर्नु हुँदैन । हाम्रो बिग्रिएको अध्यागमन प्रणालीलाई ठीक गर्न, हामीलाई व्यापक आप्रवासन सुधार पारित गर्न कांग्रेसको आवश्यकता छ ।'

लुईजियानाका सिनेटर बिल क्यासिडीले 'टाइटल ४२' हटाउँदा हाम्रो सीमा सफ्ट झनै विकराल हुने र ह्वाइट हाउस त्यो हुन दिन इच्छुक रहेको बताएका छन् । उनले ट्विटरमा लेखेका छन्, 'सर्वोच्च अदालतले यसलाई जोगाउन कदम चालेको देख्दा खुसी लागेको छ, तर हामीलाई स्थायी समाधान चाहिएको छ ।'

---

**"श्री साधना ट्रडिङ्ग प्रा.लि." प्रस्तावक रही धादिङ्ग जिल्लाको सिद्धलेक गाउँपालिका वडा नं. ७, अमनटार क्षेत्रमा बालुवा (Sand) खानी उत्खनन् गर्ने प्रयोजनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको बारे सार्वजनिक सूचना ।**

**प्रकाशित मितिः २०७९/०९/१४**

बागमती प्रदेश अन्तर्गत धादिङ्ग जिल्लाको सिद्धलेक गाउँपालिका वडा नं. ७, अमनटार क्षेत्रको निजि जग्गामा श्री साधना ट्रेडिङ्ग प्रा.लि. प्रस्तावक रही बालुवा खानी उत्खनन् गर्ने प्रयोजनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न स्थान र समयमा आयोजना गरिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | धादिङ्ग जिल्लाको सिद्धलेक गाउँपालिका वडा नं. ७ (साविकको कुम्पुर गा.वि.स. वडा नं. ६), अमनटार क्षेत्रमा टोपो सिट नं. २७८४-०४ D मा पर्ने स्पट हाइट ४५३ मि. (नियामक ५९०५८५ मि. पूर्व र ३०७६४०५ मि. उत्तर) लाई मुल चिन्ह मानी सो विन्दुबाट पूर्वः ३४५ मिटर, पश्चिमः ५५ मिटर, उत्तरः ३४० मिटर र दक्षिणः २८५ मिटर गरी जम्मा ०.२५ वर्ग किलो मिटर लीज एरिया मध्येबाट ५.१७ हेक्टर क्षेत्रमा टोपोग्राफिकल सर्वे गरी २.२७ हे. क्षेत्रफलमा बालुवा खानी पहिचान पश्चात १.१३ हेक्टर निजि स्वामित्वको जग्गामा बालुवा खानी उत्खनन् कार्यमा लागि प्रस्तावित छ । वर्षमा करिव २४० दिन खानी संचालन गरिनेछ भने प्रस्तावित खानीबाट दैनिक सरदर १४० घन मिटर बालुवा उत्खननका दरले वार्षिक ३३,६०० घन मिटर बालुवा उत्खनन् गरिनेछ । |
| कार्यक्रम स्थल | धादिङ्ग जिल्लाको सिद्धलेक गाउँपालिका वडा नं. ७, अमनटार (प्रस्तावित खानी क्षेत्र) । |
| मिति | २०७९/०९/२२ |
| समय | दिउँसो ११: ०० बजे |
| सम्पर्क व्यक्ति/नम्बर | कैलाश राई (सम्पर्क नं. ९८५१०१४००३) |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक गरिने तथा सो विषयमा छलफल हुने भएकोले त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति, संस्था र सरोकारवाला सम्पूर्ण स्थानिय बासिन्दा तथा प्रतिनिधिलाई उल्लेखित स्थान र समयमा उपस्थित भई आवश्यक राय सुझाव प्रदान गरिदिनु सादर अनुरोध गरिन्छ ।

---

## टीकापुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदुरपश्चिम प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकशित मिति २०७९ /०९ /१४**

मिति २०७९ /०७ /२० गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिधुतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न खरिद तथा जडान कार्यका लागि पर्न आएको बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यून मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्यांकन समिति बाट छनौट भई स्वीकृतिको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन,२०६३को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं | आयोजनाको नाम/काम को विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस.) सहित |
|---|---|---|---|---|
| १.० | TMO/NCB/29/WORKS/2079/080 | Supply, Delivery and Installation Works of High Mast Light at Tikapur Municipality | श्री मार्क कन्स्ट्रक्सन/ ओमिक इनर्जि जे.भि., काठमाडौं | रु.३४,२५,३५७.१० |

**(प्रमुख प्रशासकिय अधिकृत)**

---

CIVIL AVIATION AUTHORITY OF NEPAL (CAAN)

## Gautam Buddha International Airport Civil Aviation Office

Siddharthanagar 04, Rupandehi

Phone No: 977-71-597030/35

Email: gbairportoffice@gmail.com

### Re-Invitation for Bids

Date of publication: 2079/09/14 (29 Dec 2022)

1. The Gautam Buddha International Airport Civil Aviation Office, Sidhharthanagar, Rupandehi invites electronic bids from eligible bidders for the procurement of following:
   a) Supply & Delivery of Electronic Goods and Accessories for CNS System.
2. Eligible bidders may obtain further information and inspect the bidding documents at http://www.bolpatra.gov.np/egp.
3. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and user manuals issued by PPMO.
4. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act 2063 and Procurement Regulation 2064.

---

Find us on : facebook/ aarthikdainik

---

## Simraungadh Municipality
### Office of Municipal Executive

Simraungadh, Bara

Madhes Province, Nepal

### Invitation for Bids

Date of publication: 2079/09/14 (BS), 2022/Dec/29 (AD)

| S/N | Invitation for Bids for the | Contract Identifications No | Estimated Amount With Vat and ps | Bid Security | Bid Fee. |
|---|---|---|---|---|---|
| 1. | Construction of Blacktop Road at Simraungadh Municipality-09, Bara | NCB/Simraungadh/ Munic./Road /04/079/080 | 9052985/- with ps | 271589/- | 3000/- |
| 2. | Coloring of school building of simraungadh | NCB/Simraungadh/ Munic./paint /05/079/080 | 6143293/- | 184298/- | 3000/- |

1. **The Simraungadh Municipality Simraungadh, Bara** invites electronic bids from Nepalese eligible bidders for the Above Given Work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Simraungadh Municipality Simraungadh, Bara, Simraungadhmun.gov.np *and mobile no 9855078111*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document Fee as per above in the following specified bank.
   **Name of the Bank: Global IME Bank., Simraungadh, Bara**
   **Name of Office : Simraungadh Municipality, Simraungadh, Bara**
   **Office Code no. : .................Office Account no.: 24904010000007**
   **Rajaswa (revenue) Shirshak no. : SIMRAUNGADH NAGARPALIKA,NA,PA,KO**
4. Pre-bid meeting shall be held at Simraungadh Municipality Simraungadh, Bara, at 10 (17th/Jan/2023) 2079/10/03 (BS) Time 11:00AM.
5. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 hrs on 29th /Jan/2023(B.S. 2079/10/15)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14**:00 hrs on 29th /Jan/2023 (B.S. 2079/10/15)** at the office of **Simraungadh Municipality Simraungadh, Bara**. Bids must be valid for a period of **90 days after** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum as per above given, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

---

## महालक्ष्मी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

कमलपोखरी, ललितपुर

बागमती प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७९/०९/१४

यस कार्यालयबाट मिति २०७९/०८/०२ गते आर्थिक राष्ट्रिय दैनिकमा **बिज्ञापन कर संकलन ठेक्का कार्यका लागि सिलबन्दी दरभाउपत्र** नं. (01/079/80) शिर्षकको खरिद कार्यको सिलबन्दी दरभाउपत्र आह्वान भए अनुसार प्राप्त सिलबन्दी दरभाउपत्रहरु मध्ये **आकृती एड्भरटाइजिङ्ग**ले पेश गरेको कुल कबोल रकम **रु. १२,०५,०००/- (अक्षेरुपी बाह्र लाख पाँच हजार रुपैया मात्र ।)** अधिकतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## नेपालगंज उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०९/१४**

यस उप-महानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखीएको तपशिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का विवरण | छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु.) |
|---|---|---|---|
| १. | Fabrication of truss bridge (Contract ID: NSMC/TB/G/NCB/01/079-080) | श्री एग्रो ईन्जिनियरिङ्ग वर्क्स प्रा.ली. बुटवल, रुपन्देही । | रु. १८,२६,८६०।९२ (भ्याट र पि.एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

## सङ्क्षिप्त

### शाइन रेसुंगा डेभलपमेन्ट बैंकको वार्षिक साधारणसभा

काठमाडौं (आर्थिक) । शाइन रेसुंगा डेभलपमेन्ट बैंकले वार्षिक साधारणसभाको आह्वान गरेको छ । बैंकले यही पुस २५ गते आफ्नो २५औँ वार्षिक साधारणसभाको आह्वान गरेको हो ।

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
SHINE RESUNGA DEVELOPMENT BANK LTD.

बैंकको स्यन्देहीस्थित ड्रिमल्यान्ड गोल्ड रिसोर्टमा हुने उक्त वार्षिक साधारणसभामार्फत बैंकले हाल कायम रहेको चुक्ता पुँजीमध्येबाट १३ दशमलव ३० प्रतिशत अर्थात् ५० करोड २८ लाख ७४ हजार एक सय ९८ रूपैयाँबराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । यसबाहेक अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थालाई गाभ्ने वा गाभिनेसम्बन्धी प्रस्ताव पनि पारित गरिने बैंकले जानकारी दिएको छ ।

### नेपाल स्टक एक्सचेन्जको वार्षिक साधारणसभा

काठमाडौं (आर्थिक) । नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले वार्षिक साधारणसभाको आह्वान गरेको छ । नेप्सेले यही पुस २९ गते नेप्सेको कार्यालय शान्तिमार्ग काठमाडौंमो आफ्नो ४१औँ वार्षिक साधारणसभा गर्न लागेको हो ।

वार्षिक साधारण सभामार्फत नेप्सेले हाल कायम रहेको चुक्ता पुँजी एक अर्ब रूपैयाँमध्येबाट शत्प्रतिशत अर्थात् एक अर्ब रूपैयाँबराबरकै नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने तयारी गरेको छ ।

### सिद्धार्थ बैंकको वार्षिक साधारणसभा

काठमाडौं (आर्थिक) । सिद्धार्थ बैंकले वार्षिक साधारणसभाको आह्वान गरेको छ । बैंकले यही पुस २८ गते आफ्नो २८औँ वार्षिक साधारणसभाको आह्वान गरेको हो ।

SiddharthaBank

सभामार्फत बैंकले हाल कायम रहेको चुक्ता पुँजी १२ अर्ब ५२ करोड ४४ लाख २६ हजार आठ सय ३५ रूपैयाँमध्येबाट १२ दशमलव ५० प्रतिशत अर्थात् एक अर्ब ५६ करोड ५५ लाख ५३ हजार तीन सय ५४ रूपैयाँबराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । यसबाहेक कर प्रयोजनको लागि शून्य दशमलव ६६ प्रतिशत अर्थात् आठ करोड २३ लाख ९७ हजार पाँच सय ४५ रूपैयाँबराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने तयारी गरेको छ ।

### पोखरा फाइनान्सको लाभांश चार प्रतिशत

काठमाडौं (आर्थिक) । पोखरा फाइनान्सले चार दशमलव २१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ । फाइनान्स

पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053

सञ्चालक समितिको यही पुस ४ गते सोमबार बसेको बैठकले गत आर्थिक वर्षको खुद मुनाफामध्येबाट आफ्ना सेयरधनीहरूलाई उक्त अनुपातमा लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो ।

प्रस्तावित लाभांशमध्येमा चार प्रतिशत बोनस सेयर र कर प्रयोजनको लागि शून्य दशमलव २१ प्रतिशत नगद लाभांश रहेको छ । लाभांश वितरणसम्बन्धी सञ्चालक समितिको बैठकले गरेको उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकको स्वीकृति एवं फाइनान्सका आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि कार्यान्वयनमा आउनेछ ।

## सुन - चाँदीको मूल्य

छापावाल सुन प्रतितोला
रू. १,०१,१००/-
तेजावी सुन प्रतितोला
रू. १,००,६००/-
चाँदी प्रतितोला
रू. १,४००/-
स्रोत : नेपाल सुनचाँदी व्यवसायी महासंघ

# ज्योति विकास बैंकद्वारा अस्पताललाई बेबी वार्मर प्रदान

आर्थिक संवाददाता
काठमाडौं, पुस १३

ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको हाम्रो विकास प्रवर्द्धन कोषमार्फत मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका छवटा स्वास्थ्य केन्द्रहरूलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर प्रदान गरेको छ । बैंकले फेटा स्वास्थ्य चौकी-बारा, खैरहनी नगर अस्पताल- चितवन, बघौडा अस्पताल-चितवन, हर्नैया स्वास्थ्य चौकी-रूपन्देही, सिसहनिया स्वास्थ्य चौकी-दाङ र दोधारा प्राथमिक स्वास्थ्य केन्द्र-कञ्चनपुरलाई नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो ।

अस्पतालहरूमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरूबाट उक्त अस्पतालहरूका पदाधिकारीहरूलगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरूको उपस्थितिका बीच सो बेबी वार्मर औपचारिकरूपमा हस्तान्तरण गरिएको हो । साथै सोही कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्सलगायत विभिन्न




सम्बन्धित कर्मचारीहरूलाई बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गराइएको थियो । बैंकले हाम्रो विकास प्रवर्द्धन कोषमार्फत न्यानो नानी परियोजना-३ अन्तर्गत हालसालै प्रदेश नं. १ का ३ अस्पतालहरु बाक्सिला स्वास्थ्य चौकी-खोटाङ, ओखलढुंगा सामुदायिक अस्पताल र जिल्ला अस्पताल-इलामलाई एक-एक थान बेबी वार्मर प्रदान गरी तीनवटा बेबी वार्मर प्रदान गरिसकेको छ । ज्योति विकास बैंकले डा. महाविर पुनद्वारा प्रर्वधित राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा हालसम्म देशका ३२ विभिन्न अस्पतालहरूलाई बेबी वार्मर प्रदान गरिसकेको छ । बैंकले हाल एक सय २० वटा शाखा कार्यालय, तीनवटा विस्तारित काउन्टर तथा ७३ वटा एटीएममार्फत सेवा उपलब्ध गराउँदै आइरहेको जानकारी दिएको छ ।

# मुक्तिनाथ विकास बैंकको वार्षिक साधारणसभा पुस ३० गते

आर्थिक संवाददाता
काठमाडौं, पुस १३

मुक्तिनाथ विकास बैंकले वार्षिक साधारणसभाको आह्वान गरेको छ । बैंकले यही पुस ३० गते पोखराको होटल ग्रान्ड पोखरामा आफ्नो १६औँ वार्षिक साधारणसभा गर्न लागेको हो ।

सभामार्फत बैंकले हाल कायम रहेको चुक्ता पुँजी पाँच अर्ब ६५ करोड ७१ लाख ८० हजार आठ सय ५६ रूपैयाँमध्येबाट १३ दशमलव पाँच प्रतिशत अर्थात् ७६ करोड ३७ लाख १९ हजार

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

चार सय १५ रूपैयाँबराबरको बोनस सेयर र कर प्रयोजनको लागि शून्य दशमलव ७१ प्रतिशत अर्थात् चार करोड एक लाख ९५ हजार सात सय ५८ रूपैयाँबराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । यसबाहेक हाल कायम रहेको चुक्ता पुँजीलाई वृद्धि गरी छ अर्ब ४२ करोड नौ लाख दुई सय ७२ रूपैयाँ पुर्‍याउन प्रस्ताव पारित गर्ने तयारी पनि बैंकले गरेको छ ।

# प्राइम लाइफको वार्षिक साधारणसभा पुस २४ गते

आर्थिक संवाददाता
काठमाडौं, पुस १३

प्राइम लाइफ इन्स्योरेन्स कम्पनीले वार्षिक साधारणसभाको आह्वान गरेको छ । कम्पनीले यही पुस २४ गते आफ्नो १५औँ वार्षिक साधारणसभा गर्न लागेको हो ।

सभामार्फत बैंकले हाल कायम रहेको चुक्ता पुँजी दुई अर्ब ७७ करोड

PrimeLife Insurance
Secured Future

९६ लाख १५ हजार पाँच सय ७७ रूपैयाँमध्येबाट १३ प्रतिशतको अनुपातमा ३६ करोड १३ लाख ५० हजार २५ रूपैयाँबराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने तयारी गरेको छ । कर प्रयोजनको लागि भने कम्पनीले एक करोड ९० लाख १८ हजार चार सय २२ रूपैयाँबराबरको नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । यसबाहेक सभाले प्राइम लाइफ इन्स्योरेन्स कम्पनी, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी र युनियन लाइफ इन्स्योरेन्स कम्पनी मर्ज गर्ने प्रस्ताव पनि पारित गर्ने तयारी गरेको छ ।

# सूर्यज्योति अब अझ बृहत्, सबल र विशाल

आर्थिक संवाददाता
काठमाडौं, पुस १३

सूर्यज्योति लाइफ इन्स्योरेन्सले काठमाडौंमा विशेष समारोह आयोजना गरी मर्जरको समुद्घाटन गरेको छ । सूर्या लाइफ इन्स्योरेन्स र ज्योति लाइफ इन्स्योरेन्स मर्ज भई बनेको सूर्यज्योतिले पुस सात गतेदेखि एकीकृत कारोबार सुरु गरेको थियो । २०७९ असारमा प्रारम्भिक सम्झौता गरेको कम्पनीले निकै चुनौतीका बावजुद पनि छोटो समयमै मर्जरको काम सम्पन्न गरी एकीकृत कारोबार गर्न सफल भएको हो ।

मर्जरपश्चात् बनेको कम्पनीको चुक्ता पुँजी चार अर्ब ५४ करोड रूपैयाँ पुगेको छ । यससँगै कम्पनी चुक्ता पुँजीमा तेस्रो ठूलो बीमा कम्पनी बन्न सफल भएको छ । एकीकृत कारोबारपश्चात् सूर्यज्योतिको जीवन बीमाकोष २२ अर्ब, लगानी २८ अर्ब र कुल शाखा संख्या एक सय ८१ पुगेको छ भने कुल कर्मचारीको संख्या छ सय ७५ पुगेको छ । एक उज्वल सुरूवात भन्ने नाराका साथ नेपालको लाइफ इन्स्योरेन्स क्षेत्रमा अझ बृहत्, अझ सबल र अझ विशाल उपस्तिथि सूर्यज्योतिको हुनेछ । सूर्य र ज्योतिमा सात रङ्ग भएझैँ सूर्यज्योति पनि सुरूवात, न्यायोपन, प्रस्ट, उज्जवल, प्रतिबद्ध, समय र ऊर्जाका साथ एक भई अगाडि बढ्ने कम्पनीको अठोट रहेको छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले तोकिएकै समयमा सफलतापूर्वक मर्जर सम्पन्न गरेको भन्दै धन्यवाद व्यक्त गरेका थिए । उनले कम्पनीको यस उपलब्धिलाई स्वर्ण अक्षरमा लेखिने प्रतिक्रिया दिएका थिए । जीवन बीमा क्षेत्रमा सूर्यज्योतिले ट्रेन्ड सेट गरेको भन्दै उनले यस उपलब्धिले अन्य कम्पनीहरूलाई पनि मर्जरको लागि प्रोत्साहन गर्ने बताए । साथै अध्यक्ष सिलवालले जीवन बीमा क्षेत्रमै ठूलो सफलता भएको र कम्पनीले नयाँ इतिहास रचेको बताएका छन् ।

कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईले मर्जरका लागि जति जटिल हुन्छ भनेर सोचिएको थियो सोचेअनुसार जटिल नभएको बताए । मर्जरकका क्रममा दुवै पक्षले निष्पक्षरूपमा काम गरेको हुँदा समस्या नपरेको समेत उनले प्रस्ट पारे । अधक्ष्य भट्टराईले यो मर्जर सफल बनाउन अहम भूमिका खेल्नुहुने सम्पूर्ण सरोकारवालाहरु, कर्मचारी साथीहरु, मार्ग निर्देश गर्नुहुने बीमा प्राधिकरण तथा




सेयरधनीहरूलाई हृदयदेखि धन्यवाद व्यक्त गरे ।

मर्जरका क्रममा विश्वमा चलेका राम्रा अभ्यासलाई पछ्याउँदा धेरै सहजताका साथ मर्जर गर्न सफल भएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्रीले बताए । दुबै कम्पनीको एक्चुरीयल मूल्यांकन, लेखापरीक्षण प्रतिवेदनलाई पियर रिभ्यु गरेर काम गरिएको उनले प्रस्ट पारे । सूर्या लाइफजस्तो १५ वर्षको परिपक्व कम्पनी र पाँच वर्षको छोटो समयमै आफूलाई अब्बल साबित गरेको ज्योतिलाइफ कम्पनीबीच भएको संयोजनले राम्रो प्रतिफल दिने खत्रीको विश्वास छ । मर्जपछि कम्पनीले टेक्नोलोजीमा लगानी गर्नुपर्ने र बजारमा आफ्नो प्रडक्ट मोडिफाई गर्नमा ध्यान दिनुपर्ने र कम्पनीले आउने दिनमा व्यवसाय बढाउने र सूर्यज्योतिलाई बीमा क्षेत्रकै बेन्चमार्क बनाउने कम्पनीको प्रण रहेको सीईओ खत्रीले बताए ।

सिटिजन लाइफ इन्स्योरेन्सका सीईओ समेत रहेका जीवन बीमक संघका अध्यक्ष पोषकराज पौडेल, सगरमाथा इन्स्योरेन्सका सीईओ समेत रहेका बीमक संघका अध्यक्ष चंकी क्षेत्रीले, कम्पनीको प्रगति तथा सफलताको कामना दिनुका साथै आ आफ्नातर्फबाट शुभकामना व्यक्त गरे । साथै कम्पनीका ब्रान्ड एम्बेस्डर राजेश हमालले नामजस्तै काम गरेर बीमा क्षेत्रमा प्रकाश छर्दै अघि बढ्न शुभकामना दिएका छन् । कम्पनीले एकीकृत कारोबार सुभारम्भ भएको दुई दिनमै एक हजारभन्दा धेरै पोलिसी जारी गरेको छ ।

## सेयर कारोबार २०७९/०९/१३

| S.N | SYMBOL | OPEN PRICE | HIGH PRICE | LOW PRICE | CLOSE PRICE | TOTAL TRADED VALUE | PREVIOUS DAY CLOSE PRICE | FIFTY TWO WEEKS HIGH | FIFTY TWO WEEKS LOW | LAST UPDATED PRICE | AVERAGE TRADED PRICE |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BBC | 3330 | 3330 | 3200 | 3215 | 1615555 | 3308 | 5763 | 3083 | 3215 | 3218.23 |
| 2 | DDBL | 1001.1 | 1012 | 983 | 999 | 8092365.6 | 1008.9 | 1407 | 861 | 999 | 993.29 |
| 3 | RBCL | 12900 | 12900 | 12677 | 12677 | 2357921 | 12804 | 20499 | 12215 | 12677 | 12745.51 |
| 4 | SWBBL | 1229 | 1230 | 1181 | 1185 | 5821806.7 | 1210 | 1467 | 925 | 1185 | 1192.99 |
| 5 | MFIL | 416 | 436 | 400.1 | 412 | 11380377.9 | 415 | 961.9 | 362 | 412 | 415.66 |
| 6 | SINDU | 260 | 265.2 | 259 | 264 | 1477891 | 264 | 460.7 | 220.6 | 264 | 263.2 |
| 7 | KMCDB | 905 | 908.9 | 891 | 897 | 1447035.9 | 905.1 | 1393 | 852.8 | 897 | 898.22 |
| 8 | GILB | 1160 | 1160 | 1136.8 | 1140 | 2225073 | 1151 | 1894 | 1105 | 1140 | 1147.53 |
| 9 | NEF | 8.28 | 8.28 | 8.12 | 8.14 | 58773.6 | 8.12 | 11.53 | 7.75 | 8.14 | 8.15 |
| 10 | LEMF | 8.04 | 8.04 | 7.88 | 7.88 | 27740 | 8 | 11.17 | 7.24 | 7.88 | 7.92 |
| 11 | RADHI | 215.1 | 220 | 211 | 216 | 17455383.4 | 211.93 | 775 | 195.3 | 216 | 216.3 |
| 12 | SHIVM | 533 | 538.5 | 522.6 | 526 | 47486400.9 | 533 | 1671.8 | 490 | 526 | 529.92 |
| 13 | GMFBS | 845 | 845 | 828.1 | 835 | 181284.1 | 844 | 1510 | 750 | 835 | 839.27 |
| 14 | NMB50 | 9.36 | 9.36 | 9.36 | 9.36 | 936 | 9.18 | 13.68 | 8.28 | 9.36 | 9.36 |
| 15 | ICFCD83 | 1039 | 1039 | 1039 | 1039 | 25975 | 1060 | 1190 | 988.1 | 1039 | 1039 |
| 16 | SLI | 340 | 365 | 335 | 357 | 6213801.2 | 340 | 651.2 | 311.5 | 357 | 350.86 |
| 17 | HHL | 230 | 234.5 | 218.7 | 226 | 3308345.3 | 230 | 362.1 | 202 | 226 | 224.29 |
| 18 | PPL | 207 | 216.1 | 200 | 207.7 | 4636795.4 | 208 | 305.8 | 190 | 207.7 | 209.79 |
| 19 | DLBS | 881.5 | 950.7 | 881.5 | 950.7 | 83864 | 864.3 | 950.7 | 177.7 | 950.7 | 931.82 |
| 20 | BPCL | 321 | 322 | 315 | 315.5 | 3272352.5 | 319.5 | 488 | 288 | 315.5 | 318.88 |
| 21 | CIT | 1965 | 1985 | 1926 | 1959 | 24229538.5 | 1965 | 3646 | 1780 | 1959 | 1963.49 |
| 22 | GFCL | 472.2 | 472.2 | 455.5 | 456.1 | 6495341.2 | 463 | 763 | 358 | 456.1 | 462 |
| 23 | PFL | 349 | 366 | 347 | 350 | 3442314 | 354 | 630 | 290 | 350 | 353.78 |
| 24 | NLBBL | 900 | 900 | 881.1 | 881.1 | 2861743.7 | 904 | 1326 | 780 | 881.1 | 888.46 |
| 25 | SMFDB | 1168 | 1168 | 1133 | 1150 | 2945416 | 1147 | 1479 | 749 | 1150 | 1147.86 |
| 26 | MEGA | 203.9 | 204.9 | 200 | 203.1 | 13734974.5 | 204.6 | 317.2 | 183.5 | 203.1 | 201.96 |
| 27 | RLFL | 305 | 325 | 302 | 313 | 12663862 | 311 | 581 | 222.2 | 313 | 313.86 |
| 28 | API | 229.9 | 229.9 | 218 | 222.2 | 37412952.9 | 225.4 | 575 | 200 | 222.2 | 223.64 |
| 29 | UMHL | 241 | 246 | 232 | 234.7 | 15397161.2 | 241 | 474 | 192.1 | 234.7 | 237.99 |
| 30 | MSLB | 1060 | 1060 | 1020 | 1020 | 807989 | 1076 | 1744 | 960 | 1020 | 1042.56 |
| 31 | AKJCL | 187 | 189 | 181 | 185 | 10658901.9 | 187 | 350 | 159.8 | 185 | 185.04 |
| 32 | ACLBSL | 754 | 754 | 725.2 | 732 | 658982.6 | 740 | 1566 | 675 | 732 | 734.65 |
| 33 | CMF2 | 7.75 | 7.75 | 7.6 | 7.6 | 8948.5 | 7.6 | 10.89 | 7.24 | 7.6 | 7.62 |
| 34 | NICBF | 8.6 | 8.6 | 8.6 | 8.6 | 172000 | 8.76 | 11.65 | 8.23 | 8.6 | 8.6 |
| 35 | SBLD83 | 921.2 | 921.2 | 921.2 | 921.2 | 23030 | 940 | 1020 | 920 | 921.2 | 921.2 |
| 36 | KEF | 8 | 8.03 | 8 | 8.02 | 90710 | 8.15 | 10.07 | 7.73 | 8.02 | 8.02 |
| 37 | NICSF | 8.12 | 8.12 | 7.66 | 7.85 | 22359 | 7.97 | 9.58 | 7.44 | 7.85 | 7.84 |
| 38 | SAHAS | 490 | 530 | 480.2 | 525 | 22896560.6 | 498 | 734.4 | 377.5 | 525 | 509.24 |
| 39 | TPC | 360.7 | 396.7 | 347.2 | 389.6 | 6093382.5 | 368 | 825 | 303.9 | 389.6 | 371.18 |
| 40 | RULB | 884 | 905.7 | 882 | 882 | 897762 | 888 | 1931.7 | 502 | 882 | 892.4 |
| 41 | NICFC | 8 | 8 | 7.77 | 8 | 29337 | 7.9 | 10 | 7.3 | 8 | 7.82 |
| 42 | SPHL | 365 | 365 | 350 | 359 | 1090746 | 365 | 382.5 | 194.8 | 359 | 356.45 |
| 43 | SHLB | 1488 | 1604.7 | 1488 | 1604.7 | 269937 | 1458.9 | 1604.7 | 906 | 1604.7 | 1587.86 |
| 44 | CHCL | 385.6 | 385.6 | 374 | 378.2 | 6060028.9 | 378.1 | 566.9 | 347.9 | 378.2 | 380.29 |
| 45 | CBBL | 1130 | 1138 | 1113 | 1129 | 7005265.1 | 1130 | 1458 | 882 | 1129 | 1128.78 |
| 46 | NLICL | 540.1 | 544 | 530 | 539.9 | 7355547.5 | 540 | 1179 | 492 | 539.9 | 536.74 |
| 47 | UIC | 369.9 | 382 | 364 | 379 | 7878745.9 | 370 | 755 | 325 | 379 | 373.54 |
| 48 | PRIN | 435 | 451 | 425 | 440.8 | 3816528.8 | 429 | 942 | 378 | 440.8 | 434.23 |
| 49 | SICL | 840 | 846 | 815 | 837 | 10719414 | 830 | 2157 | 690.1 | 837 | 831.73 |
| 50 | GUFL | 568 | 578.4 | 550 | 559 | 34819528.6 | 567.1 | 913.3 | 357 | 559 | 561.98 |
| 51 | SIFC | 310 | 334 | 309.1 | 324 | 12743111.2 | 315 | 529.3 | 236.3 | 324 | 321.54 |
| 52 | PCBL | 231.4 | 231.4 | 224 | 228.9 | 59694595 | 226.9 | 392 | 209.5 | 228.9 | 228.09 |
| 53 | MDB | 404 | 412.1 | 398 | 410 | 18058125.5 | 404.1 | 617 | 308 | 410 | 407.88 |
| 54 | MNBBL | 438 | 444 | 423 | 437 | 12028146.3 | 438 | 603 | 368 | 437 | 435.73 |
| 55 | NBL | 285.5 | 288.6 | 281.4 | 286.5 | 32208156.8 | 287.1 | 402 | 259.1 | 286.5 | 285.32 |
| 56 | NLG | 500 | 519 | 495 | 507 | 5847822.3 | 509.4 | 1012 | 423 | 507 | 508.63 |
| 57 | RBCLPO | 10250 | 10404 | 10100 | 10210 | 4374580 | 10200 | 18588 | 9663 | 10210 | 10173.44 |
| 58 | SLBSL | 1197.6 | 1197.6 | 1173 | 1174 | 483884 | 1222 | 1760 | 1065 | 1174 | 1180.2 |
| 59 | ALBSL | 950 | 970 | 946.2 | 949 | 2697410.3 | 965.1 | 1750 | 874.3 | 949 | 954.83 |
| 60 | RLI | 352 | 373.5 | 340.1 | 364 | 5180844.5 | 352 | 626 | 310 | 364 | 358.31 |
| 61 | LEC | 223.5 | 230 | 219.1 | 227.8 | 2913985.7 | 222.4 | 443 | 203 | 227.8 | 225.36 |
| 62 | RMF1 | 7.26 | 7.54 | 7.26 | 7.54 | 68972 | 7.4 | 9.58 | 7.04 | 7.54 | 7.33 |
| 63 | OHL | 512 | 512 | 496.2 | 503 | 4013254.6 | 522 | 566 | 413.8 | 503 | 504.93 |
| 64 | PIC | 580 | 614 | 580 | 600.1 | 10936236.8 | 587 | 1225 | 500.1 | 600.1 | 602.41 |
| 65 | NLIC | 685 | 687 | 660 | 668 | 34351510.8 | 675 | 1810 | 570 | 668 | 672.72 |
| 66 | SFCL | 275 | 287 | 265 | 270.1 | 11020627.1 | 275 | 457 | 179.4 | 270.1 | 274.86 |
| 67 | ICFC | 450 | 460 | 438.9 | 439 | 16016915.5 | 450 | 800 | 363 | 439 | 448.17 |
| 68 | ALICL | 572 | 580.9 | 547.9 | 564 | 21888272.9 | 570 | 1374 | 428 | 564 | 566.04 |
| 69 | ADBL | 323 | 323 | 317.2 | 322.4 | 6281694.4 | 323.3 | 499 | 298 | 322.4 | 321 |
| 70 | SHINE | 318 | 320.1 | 311.7 | 314 | 8626775.5 | 318 | 473 | 255.1 | 314 | 315.39 |
| 71 | CBL | 234 | 234.1 | 229.9 | 231 | 26624211.6 | 234 | 285.4 | 194 | 231 | 231.14 |
| 72 | MMFDB | 933 | 933 | 910 | 920 | 2584697.2 | 932.8 | 1565 | 852 | 920 | 918.51 |
| 73 | FOWAD | 2305 | 2318 | 2261 | 2289.9 | 14205054.6 | 2337.2 | 2950 | 2000 | 2289.9 | 2291.87 |
| 74 | SPDL | 279.4 | 279.4 | 264.2 | 272.7 | 8692305.9 | 274 | 555 | 234 | 272.7 | 270.09 |
| 75 | SMATA | 771 | 780 | 745 | 779 | 850661.6 | 780 | 1349 | 696.3 | 779 | 765.67 |
| 76 | CMF1 | 7.34 | 7.6 | 7.34 | 7.6 | 14347.5 | 7.2 | 10.49 | 6.75 | 7.6 | 7.37 |
| 77 | WNLB | 962.8 | 1038 | 892 | 1038 | 553129.4 | 944 | 2090 | 831 | 1038 | 937.5 |
| 78 | UPPER | 435.5 | 469 | 418.5 | 450 | 78440038.9 | 427 | 781.3 | 354 | 450 | 448.39 |
| 79 | NBF2 | 8 | 8.02 | 7.96 | 7.96 | 147422.8 | 8.1 | 11.85 | 7.45 | 7.96 | 7.98 |
| 80 | SAPDBL | 230 | 235 | 228 | 231.9 | 1490312.4 | 233.5 | 410 | 178.1 | 231.9 | 229.95 |
| 81 | SFMF | 9.11 | 9.29 | 9.11 | 9.29 | 13683 | 9.29 | 12.5 | 8.53 | 9.29 | 9.12 |
| 82 | SDLBSL | 990 | 998.5 | 955 | 980 | 784759.4 | 983.9 | 1450 | 901 | 980 | 982.17 |
| 83 | RURU | 738.8 | 799.6 | 724.1 | 735 | 1099377 | 753.8 | 1150 | 665.1 | 735 | 740.82 |
| 84 | JBLB | 2760 | 2770 | 2720.1 | 2733 | 8919720.7 | 2760 | 5368 | 2430 | 2733 | 2744.52 |
| 85 | MKLB | 889 | 900 | 865.1 | 895 | 127046.5 | 889 | 1661 | 790 | 895 | 876.18 |
| 86 | GBILD86/87 | 750 | 750 | 750 | 750 | 18750 | 755 | 1000 | 735 | 750 | 750 |
| 87 | MMF1 | 7.02 | 7.29 | 7.02 | 7.15 | 204151.58 | 7.15 | 9.86 | 6.75 | 7.15 | 7.17 |
| 88 | NYADI | 288 | 291.8 | 275.3 | 277.3 | 1263029.6 | 286.1 | 566 | 241 | 277.3 | 284.27 |
| 89 | BHDC | 369.8 | 369.8 | 351 | 360 | 1441654 | 365.71 | 520 | 310 | 360 | 357.99 |
| 90 | HEI | 399 | 407 | 395 | 403 | 12911692.6 | 406 | 810.9 | 345 | 403 | 400.23 |
| 91 | BFC | 330 | 344.5 | 322 | 329 | 6108394.6 | 330 | 577 | 292.5 | 329 | 329.75 |
| 92 | NMB | 236 | 237 | 232 | 232.5 | 8143654.9 | 235.4 | 387.6 | 225.6 | 232.5 | 234.43 |
| 93 | LLBS | 1053.5 | 1067 | 1038 | 1060 | 274520.7 | 1074.9 | 1747 | 978.1 | 1060 | 1047.78 |
| 94 | VLBS | 830 | 834 | 810.5 | 834 | 827833.6 | 832 | 1500 | 775 | 834 | 823.71 |
| 95 | HIDCL | 192.3 | 195 | 183.1 | 186 | 47122316 | 188.6 | 366 | 159.8 | 186 | 188.69 |
| 96 | DHPL | 197 | 202.8 | 187.2 | 194 | 1075891 | 195 | 381.4 | 160.1 | 194 | 193.43 |
| 97 | JOSHI | 195.2 | 201.9 | 193 | 193 | 4015160.7 | 196 | 362 | 164.8 | 193 | 195.82 |
| 98 | UMRH | 420 | 432 | 414 | 414 | 2948925.2 | 423 | 1150 | 390 | 414 | 422.42 |
| 99 | CHDC | 667 | 679.7 | 661.3 | 665 | 5420453.8 | 674 | 1130 | 590 | 665 | 668.36 |
| 100 | ULBSL | 3344.3 | 3450 | 3344.3 | 3430 | 1002634 | 3400 | 3869 | 1211 | 3430 | 3410.31 |
| 101 | HIDCLP | 105 | 106.3 | 102.9 | 105 | 10353650.7 | 105 | 115.2 | 95 | 105 | 104.72 |
